सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

४ असोज २०८२, शनिबार (20 Sep 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेस बैठकमा महामन्त्रीद्वयको प्रस्ताव

## मंसिरभित्र नियमित वा विशेष महाधिवेशन गरौं

### संस्थापन पक्षले जनायो असहमति





सभापति शेरबहादुर देउवा छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचाररत रहेका कारण उपसभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा कार्यसम्पादन समितिको बैठकमा महामन्त्री गगन थापाको प्रस्ताव थियो, 'परिवर्तित परिस्थितिमा पार्टीको नियमित महाधिवेशन वा यो सम्भव नभए विशेष महाधिवेशन आयोजना गरौं। केन्द्रीय कार्यसमितिले यसबारेमा निर्णय गर्नुपर्छ। मंसिर मसान्तमा वर्तमान केन्द्रीय समितिको म्याद सकिने हुनाले त्यसवेलासम्म नियमित वा विशेष महाधिवेशन सम्पन्न गरौं। अब पार्टी पुनर्गठन अपरिहार्य भइसकेको छ।' अब कार्यकाल थप्न नहुने र महाधिवेशन पनि मंसिरभन्दा पर धकेल्न नहुने थापाको भनाइ थियो। अर्का महामन्त्री शर्माले पनि थापाको प्रस्तावमा समर्थन जनाएका थिए।



● कार्यसम्पादन समिति बैठकपछि आयोजित पत्रकार सम्मेलनमा कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने-

**पार्टीले विधिवत् रूपमा नै महाधिवेशनकै तयारी गरेको छ। कसैको व्यक्तिगत धारणा होलान्, तर पार्टीले निर्णय गरेको छैन।**

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि प्रमुख दलहरूभित्र नेतृत्व हस्तान्तरणको विषय बलियो हुन थालेको छ। कांग्रेस कार्यसम्पादन समितिको शुक्रबार बसेको बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आगामी मंसिरभित्र पार्टीको १५औं महाधिवेशन वा विशेष महाधिवेशन गर्ने प्रस्ताव गरेका हुन्। तर, सभापति शेरबहादुर देउवा पक्षका नेता र वरिष्ठ नेता डा. शेखर कोइरालाले यस विषयमा केन्द्रीय कार्यसमितिको निर्णयमार्फत जानुपर्ने भन्दै असहमति जनाएका छन्। तत्कालको अवस्थामा पार्टीभित्र सहमति-एकतामा जोड दिनुपर्ने उनीहरूको भनाइ छ।

'परिवर्तित परिस्थितिमा पार्टीको नियमित महाधिवेशन वा यो सम्भव नभए विशेष महाधिवेशन आयोजना गरौं। केन्द्रीय कार्यसमितिले यसबारेमा निर्णय गर्नुपर्छ। मंसिर मसान्तमा वर्तमान केन्द्रीय समितिको

» पृष्ठ २ मा क्रमशः

# मन्त्रिपरिषद् विस्तारमा किन ढिलाइ ?

### स्वतन्त्र र समावेशी मन्त्रिपरिषद् बनाउने प्रयासमा प्रधानमन्त्री सुशीला कार्की, तर एक साता बित्दा पनि मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा सरकारको कार्यसम्पादन प्रभावित हुन सक्ने टिप्पणी

**शनिबारसम्म नयाँ मन्त्री टुंग्याएर आइतबार शपथ खुवाउने तयारी,** तर नामहरूमा अझै बनेको छैन सहमति

**कमलराज भट्ट**/नयाँ पत्रिका

मन्त्रिपरिषद् विस्तारमा 'अस्वाभाविक' ढिलाइ भइरहेको छ। जेन-जी आन्दोलनको स्पष्ट म्यान्डेटसहित गठित सरकारले एक साता बित्दा पनि पूर्णता नपाउँदा सीमित समयको सरकारको कार्यसम्पादन प्रभावित हुने टिप्पणी सुरु भएको छ। मन्त्रिपरिषद्मा जेन-जी समूहबाट प्रतिनिधित्व नहुने आशंका पनि बढेको छ।

प्रधानमन्त्रीनिकट स्रोतका अनुसार शुक्रबार वा शनिबारसम्म नयाँ मन्त्री टुंग्याएर आइतबार शपथ खुवाउने तयारी भए पनि नामहरूमा सहमति बनिसकेको छैन।

२७ भदौमा प्रधानमन्त्री नियुक्त भएकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले ३० भदौमा अर्थमन्त्रीमा रामेश्वर खनाल, गृह र कानुनमन्त्रीमा ओमप्रकाश अर्याल तथा ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्रीमा कुलमान घिसिङलाई नियुक्त गरेकी थिइन्। उनले नौदेखि ११ सदस्यीय सानो र छरितो मन्त्रिपरिषद् बनाउने बताउँदै आएकी छिन्। तर, त्यसपछि मन्त्रिपरिषद् विस्तार गरिएको छैन।

आन्दोलनपछिको संक्रमणकालसँगै ६ महिनाभित्र निर्वाचन र सुधारको काम गर्नुपर्ने चापबिच बनेको सरकारले उच्चस्तरीय छानबिन आयोग र भ्रष्टाचारविरुद्धको शक्तिशाली आयोग गठन गर्ने घोषणा गरेको छ। प्रधानमन्त्री कार्कीले आन्दोलनका घटना हेर्ने न्यायिक आयोग बनाउने, भ्रष्टाचारविरुद्ध अध्ययन गरेर अनुसन्धान गर्ने आयोग खडा गर्ने र कारबाहीको बाटो बनाउने योजना सुनाएकी छिन्। जेन-जी आन्दोलनको मुख्य एजेन्डा भएका यी काम कसरी अगाडि बढ्छन् भन्नेमा पनि युवाहरूको चासो छ।

प्रधानमन्त्री कार्कीले प्रारम्भिक तीन मन्त्री नियुक्त गरेपछि सहिद परिवार र घाइतेको व्यवस्थापनमा ध्यान केन्द्रित

» पृष्ठ २ मा क्रमशः



**त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र विभागका प्राध्यापक डा. दीपेश घिमिरे भन्छन्-**



आन्दोलन अभूतपूर्व भयो। संसारमा यति छिटो दुई दिनमै सरकार परिवर्तन भएको विरलै र अपवाद हो। नेतृत्वविहीन आन्दोलन भएकाले निष्कर्षमा पुऱ्याउन र सरकार गठनमा समय लाग्यो। ६ महिनाभित्र निर्वाचन, भ्रष्टाचार छानबिन र संरचनात्मक सुधार पूरा गर्ने म्यान्डेटअनुसार जसरी काम गर्नुपर्थ्यो, त्यो अझै देखिएको छैन। यस्तै तरिकाले काम गर्ने हो भने सरकारलाई जेन-जीले उठाइरहेको एजेन्डा र लोकतन्त्र सुदृढीकरणको पक्षमा देखिएको अपेक्षा, चासो र चिन्ता सम्बोधन गर्न गाह्रो हुन सक्छ।

चुनाव, पुनर्निर्माणका लागि स्रोत व्यवस्थापन र विद्युत्को बक्यौता उठाउने सरकारका निर्णय सकारात्मक छन्। तर, मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइले जनतामा निराशा बढाउन सक्छ। 'मर्निङ सोज द डे' भनिन्छ। छोटो समय, तर ठुलो म्यान्डेट भएको वेला अहिलेको रफ्तारले आशा दिन सक्दैन। आन्दोलनमा भएको दमनका विषयमा आयोग बनेको छैन, निर्वाचनका लागि आयोगमा पदाधिकारी नियुक्तिदेखि कानुन संशोधनसम्मका काम बाँकी नै छन्।

### जेन-जीको 'पोस्टर'मा पूर्वप्रशासक र निवृत्त पदाधिकारीको मन्त्रिपरिषद्मा वर्चस्व देखिने संकेत

जेन-जी आन्दोलनबाट बनेको नागरिक सरकारमा पूर्वप्रशासक र निवृत्त पदाधिकारीको वर्चस्व हुने संकेत देखिएको छ। आन्दोलनमा युवाहरू बुढा नेताविरुद्ध उठेका भए पनि सरकारमा पुरानै पुस्ताका निवृत्त अधिकारीले जिम्मेवारी पाएका छन्। दोस्रो चरणको मन्त्रिपरिषद् विस्तारमा पनि निवृत्त अधिकारीकै नाम चर्चामा छ। पुरानै उमेरका तथा राज्यबाट लाभ प्राप्त पूर्वप्रशासकलाई मन्त्री बनाएको भन्दै सामाजिक सञ्जालमा युवाहरूले प्रश्न उठाउन थालेका छन्।

प्रधानमन्त्री सुशीला कार्की न्यायाधीश हुँदै प्रधानन्यायाधीश भएर रिटायर्ड भएकी हुन्। यसैगरी अर्थमन्त्री रामेश्वर खनाल पूर्वअर्थसचिव हुन्। ऊर्जामन्त्री कुलमान घिसिङ विद्युत् प्राधिकरणका पूर्वअधिकारी हुन्। गृहमन्त्री ओमप्रकाश अर्याल काठमाडौंका मेयर बालेन शाहका पूर्वकानुनी सल्लाहकार हुन्। स्रोतका अनुसार मन्त्रीका लागि चर्चामा रहेका नाममध्ये धेरैजसो पूर्वकर्मचारी नै छन्। बंगलादेशमा समाजसेवामा सक्रिय भई नोबेल पुरस्कार विजेता मुहम्मद युनुस अन्तरिम सरकार प्रमुख छन्। उनको मन्त्रिपरिषद्मा आन्दोलनको नेतृत्व गरेका विद्यार्थीका तर्फबाट दुईजनालाई मन्त्री बनाइएको छ। अन्य मन्त्रीहरूमा प्रोफेसर, युवा विज्ञहरूलाई स्थान दिइएको छ। श्रीलंकामा पनि युवाहरूले नै सरकार चलाइरहेका छन्।

### जेन-जीको प्रतिनिधि पठाउन माग

जेन-जी आन्दोलनको नेतृत्व गरिरहेको 'हामी नेपाल'की सदस्य जेनिस कार्कीले मन्त्रिपरिषद्मा जेन-जीको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरेकी छिन्। उनका अनुसार 'हामी नेपाली'ले आफ्ना सदस्यलाई मन्त्री नबनाउने, तर जेन-जी समूहबाटै योग्य व्यक्ति छनोट गरी सिफारिस गर्ने तयारी गरेको छ। 'मन्त्री छानिसकेका छैनौं, धेरै सिभी आएका छन्, सबै समूहलाई देखाएर सामूहिक निर्णयमा पुग्छौं,' कार्कीले भनिन्। जेन-जीका १४२ समूह छन्। सबै समूहको प्रतिनिधित्व हुने गरी पाँचजना मन्त्री बनाउन जेन-जीको माग छ। सुदन गुरुङले शुक्रबार साँझ प्रधानमन्त्री कार्कीसँग यसबारे छलफल गरेका छन्।

झन्नयाँ

## स्टेयरिङमा महिला



नेपाल यातायात मजदुर संघमा मात्रै ३१ हजार चालक आबद्ध छन्। जसमध्ये ट्र्याम्पुचालक महिला ३९ जना छन्। एक्स्काभेटर अपरेटर मुना घिमिरे, साझा बसचालक हर्मिता श्रेष्ठ र लामो दूरीको बसचालक रेविका साहनीले ठुला गाडी हाँकिरहेका छन्।

## ६ महिनादेखि युक्रेनको हिरासतमा रहेका दुई नेपालीको उद्धार

नयाँ पत्रिका

युक्रेनको सीमामा हिरासतमा रहेका दुईजना नेपाली उद्धार भएर शुक्रबार काठमाडौं आइपुगेका छन्। उनीहरू ६ महिनाअघि एकमहिने भिसामा युक्रेन पुगेका थिए, तर अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा युक्रेनमा हिरासतमा थिए।

रौतहटका जयप्रकाश साह र बागलुङका सन्देश केसीको जर्मनीको बर्लिनस्थित नेपाली दूतावासको समन्वयमा उद्धार

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार रौतहटका जयप्रकाश साह र बागलुङका सन्देश केसीलाई जर्मनीको बर्लिनस्थित नेपाली दूतावासको समन्वयमा उद्धार गरिएको हो। उनीहरूको उद्धारका लागि गैरआवासीय नेपाली संघ जर्मनीलगायतले भूमिका निर्वाह गरेका थिए।

जर्मनीस्थित नेपाली राजदूतावासका नियोग उपप्रमुख सागर फुयाँलका अनुसार यी दुईसहित युक्रेनबाट पछिल्लोपटक सातजना नेपालीको उद्धार भएको छ। 'उहाँहरू मार्चमा एक महिनाको भिसा लिएर जानुभएको रहेछ। एक महिनाको भिसा रहेकै वेला युक्रेनबाट स्लोभाकिया प्रवेश गर्ने क्रममा सीमा प्रहरीले उहाँहरूलाई पक्राउ गरेर अध्यागमन डिटेन्सन सेन्टरमा राखेको थियो,' फुयाँलले बर्लिनबाट टेलिफोनमा भने, 'अध्यागमन कानुन उल्लंघनको अभियोगमा रहनुभएका उहाँहरूलाई

» पृष्ठ २ मा क्रमशः

■ दसैंको मुखमा दाउन्ने सडकको दुर्दशा

## पहिरोले तीन दिनमा २६ घण्टा अवरुद्ध

### १४ किलोमिटर पार गर्न लाग्छ १६ घण्टासम्म

दसैंअगाडि दाउन्नेको सडक पिच वा ढलान गर्न ठेकेदार कम्पनी र सडक आयोजनालाई दिइएको थियो निर्देशन

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

पश्चिम नेपालको लाइफलाइन पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल खण्डको दाउन्नेमा पहिरो खस्दा तीन दिनमा २६ घण्टा सडक अवरुद्ध भएको छ। हरेक दिन वर्षा भइरहेकाले पहिरोले सडक अवरुद्ध हुनुका साथै खुलेका वेला पनि चिप्लो र हिलाम्य हुँदा १४ किलोमिटर सडक पार गर्न नै १६ घण्टासम्म लाग्ने गरेको छ। दसैंको मुखमा गाउँघर लाग्ने यात्रु घण्टौं जाममा पर्ने गरेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासीका प्रहरी निरीक्षक जनक बन्जाराका अनुसार पछिल्लोपटक

» पृष्ठ २ मा क्रमशः

**चिप्लो र हिलाम्य सडकमा घरी जाम हुन्छ, घरी पहिरो खस्छ**



शुक्रबार पहिरो खसेपछि दाउन्ने ६५ मोडको सडकको अवस्था। नवलपरासी पूर्वका प्रमुख जिल्ला अधिकारी भवीश्वर पाण्डेका अनुसार पहाड (भित्ता) काटेको ठाउँमा पर्खाल लगाउने काम भएको छैन। त्यहींबाट पहिरो खसिरहेको छ। दाउन्नेको १४ किलोमिटरमध्ये ६ किलोमिटर सडक मात्र ढलान र पिच छ, आठ किलोमिटर कच्ची हुँदा चिप्लो र हिलाम्य हुने गरेको छ, जसकारण सामान्य पानी पर्दा र पहिरो नखसेका वेला पनि सडकमा जाम लाग्ने गरेको छ।

■ शुक्रबार भैरहवाबाट बिरामी लिएर भरतपुर हिँडेका ग.२च ३३८ नम्बरका एम्बुलेन्सचालक कृष्ण तिवारीको अनुभूति

**बिरामी लिएर बिहान ८ बजे दाउन्ने आइपुगेको थिएँ, जाम छिचोल्न नौ घण्टा लाग्यो**



■ सडक विभागका प्रवक्ता ई. प्रभात झा भन्छन्-

**धेरै सुधार आइसकेको छ, दाउन्नेमा खासै समस्या हुँदैन**



यसपालि दाउन्नेमा खासै समस्या आउँदैन। पहिलाको भन्दा धेरै सुधार आइसकेको छ। दसैंको यात्रा सहज बनाउन पनि ठेकेदारमार्फत नै काम गराएका छौं। पहिरो गएको केही समयमै सडक खुलाउन सकिने गरी रिकभरी टिम राखिएको छ।



■ संविधान दिवससँगै औपचारिक लयमा राजनीतिक दल

# कमजोरीको आत्मालोचना छैन, संविधानको पक्षमा खबरदारी

## संविधानका उपलब्धि, रक्षा र कार्यान्वयनमा जोड, संविधानबाहिर समाधान खोजे अझ ठुलो अस्थिरता निम्त्याउने चेतावनी

**शुरोजंग पाण्डे** / नयाँ पत्रिका

जेन-जी आन्दोलनपछिको संसद् विघटन र सत्तापलटले किनारामा पुगेका राजनीतिक दलहरू संविधान दिवससँगै फेरि औपचारिक लयमा फर्किएका छन् । डेढ सातादेखि निष्क्रियजस्तै भएका दलहरूले शुक्रबार ११औँ संविधान दिवसका अवसरमा शुभकामना सन्देश जारी गरेर विभिन्न कार्यक्रम आयोजना गर्दै सक्रिय उपस्थिति देखाएका छन् ।

प्रमुख दलहरूले जेन-जी आन्दोलनका वेला क्षतिग्रस्त आफ्नै पार्टी कार्यालयपरिसरमा कार्यक्रम गरेर संविधानमाथि सम्भावित षड्यन्त्रको खबरदारी गरेका छन् । यस्तै, सबै दलका शीर्ष नेताहरूले सन्देश जारी गर्दै संविधानका उपलब्धि, रक्षा र कार्यान्वयनमा जोड दिएका छन् ।

देशैभर आयोजित कार्यक्रममा उनीहरूले संकट समाधान संविधानभित्रै खोज्नुपर्ने र बाहिर गए अझ ठुलो अस्थिरता निम्त्याउने चेतावनी दिए । नेपालको राष्ट्रिय अस्तित्व नै गम्भीर संकटमा परिरहेको भन्दै उनीहरूले नवपुस्तालाई सचेत हुन ध्यानाकर्षण गराएका छन् ।

जेन-जी आन्दोलनमा ७४ जनाको मृत्यु भई सत्ता पलट हुँदासमेत उनीहरूले वक्तव्य र सार्वजनिक कार्यक्रममा आफ्ना कमीकमजोरीप्रति आत्मालोचना र समीक्षा भने खासै गरेका छैनन् । यसलाई विश्लेषकहरूले 'शीर्ष नेता अझै सुध्रिएका छैनन्' भनेर अर्थ्याएका छन् ।

### संविधानबाहिर जाँदा अस्थिरता निम्तिन्छ : देउवा

कांग्रेस सभापति शेरबहादुर देउवाले मुलुकको वर्तमान जटिल परिस्थितिको समाधान अहिलेकै संविधानबाट नखोजिए मुलुक झन्झन् अस्थिरताको बाटोमा अघि बढ्ने खतरा औँल्याएका छन् । 'संविधान मुलुकको सर्वोच्च कानुन भएकाले कुनै पनि विशेष परिस्थितिमा उत्पन्न राजनीतिक जटिलताको समाधान संविधानले नै दिनुपर्दछ । यदि यसो हुन सकेन भने राजनीतिक स्थिरताको खोजीमा संविधानबाहिर जाँदा झन्झन् अस्थिरता निम्तिने सम्भावना रहन्छ । वर्तमान संविधानको सफलतासँग हामीले देशको समुन्नतिलाई सुनिश्चित गर्ने संकल्प नै आज हामी सबैको साझा दायित्व हो,' संविधान दिवसका अवसरमा दिएको शुभकामना सन्देशमा देउवाले भनेका छन् ।

०७२ मा जारी भएको संविधानलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा चर्चा गर्दै उनले संविधानको संरक्षण र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थायित्व कायम गर्नुपर्नेमा जोड दिएका छन् । संविधान दिवसले मुलुकलाई आर्थिक समृद्धितर्फ अगाडि बढाउन आवश्यक प्रेरणा प्रदान गर्ने देउवाले विश्वास व्यक्त गरेका छन् । जेन-जी आन्दोलनका वेला प्रदर्शनकारीको कुटपिटबाट घाइते देउवा हाल उपचारमा छन् ।

**जेन-जी आन्दोलनपछि ओलीको पहिलो वक्तव्य**

### जेन-जी आन्दोलनमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्र जोडिएको इसारा

निवर्तमान प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले जेन-जी आन्दोलन भएको विध्वंसमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको षड्यन्त्र जोडिएको इसारा गरेका छन् । संविधान दिवसका अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै ओलीले आन्दोलनका क्रममा देशको निसानी मेटाउन खोजिएको दाबी गर्दै समयमै नबुझे देशको सार्वभौमसत्ता नै खतरामा पर्न सक्ने औँल्याएका छन् ।

'हामी यतिवेला हाम्रो संविधानमाथि ठुलो आक्रमण भएको अवस्थामा छौँ । प्रधानमन्त्रीबाट मेरो राजीनामापछि सिंहदरबार जलाइएको छ । नेपालको नक्सा जलाइएको छ । देशको निसानी मेटाउन खोजिएको छ । जनप्रतिनिधि संस्था, न्यायालय, व्यापारिक प्रतिष्ठान र राजनीतिक दलका कार्यालय, तिनका नेता-कार्यकर्ताको घर, व्यक्तिगत सम्पत्ति छानी-छानी खरानी बनाइएको छ,' ओलीले भनेका छन्, 'यसका पछाडिको षड्यन्त्रबारे आज म धेरै कुरा भन्दिनँ, धेरै कुरा समयले आफैँ बयान दिनेछ ।'

नयाँ पुस्ताले समयमै सबै कुरा नबुझे नेपालको सार्वभौमसत्ता इतिहासमा मात्र रहने दाबी गर्दै ओलीले भूराजनीतिक चासो र हस्तक्षेप बढिरहेको संकेत गरेका छन् । 'हाम्रो देश बनिरहेको थियो कि बिग्रेको थियो, वा देश बिग्रेको काल्पनिक भाष्य खडा गरेर आक्रोश विस्तार मात्रै गरिएको थियो ? यी सबै कुरा हाम्रो नयाँ पुस्ताले आफैँ महसुस गर्नेछ,' ओलीले भनेका छन्, 'विदेश जाने-आउने एयरपोर्टको भिडलाई नकारात्मक भनिरहेको समाज आज देशबाहिरको अनुमति बन्द हुनुलाई के ठान्ला, यो पनि समयले महसुस गराउनेछ । हाम्रो नयाँ पुस्ताले आफैँ बुझ्नेछ । तर, यो कुरा समय छँदै बुझ्नुपर्नेछ, नबुझेमा हाम्रो देशको सार्वभौमसत्ता इतिहासमा मात्र रहनेछ ।'

यसैगरी निवर्तमान प्रधानमन्त्री ओलीले जेन-जी आन्दोलनमा प्रहरीसँग नभएका स्वचालित हतियारबाट गोली हानिएकाले छानबिन गर्न माग गरेका छन् । क्षतिप्रति आत्मालोचित नभई उनले घटनामा घुसपैठ भएका कारण विध्वंस भएकोतर्फ संकेत गर्दै आफू पनि छानबिनका लागि तयार रहेको जनाउ दिएका हुन् ।

जेन-जी आन्दोलनबाट सत्ताच्युत भएर दशदिने सैनिक ब्यारेक बसाइबाट बाहिरिएपछि संविधान दिवसमा पहिलो वक्तव्य जारी गरेर ओलीले त्यस्तो बताएका हुन् । 'जेन-जीको शान्तिपूर्ण हुने भनिएको प्रदर्शनका क्रममा घुसपैठ भयो- आह्वानकर्ताले भनेझैँ । त्यसमा घुसपैठ गर्ने षड्यन्त्रकारीहरूले हिंसा मच्चाए, हाम्रा युवाहरूको ज्यान गयो । प्रहरीसँग नभएका स्वचालित हतियारले गोली हानेको घटनाको छानबिन हुनुपर्दछ । त्यस घटनाप्रति म फेरि दुःख व्यक्त गर्दै दिवंगत युवाहरूप्रति श्रद्धाञ्जली एवं घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दछु,' ओलीले भनेका छन् ।

उनले युवा पुस्ताहरूलाई काजी भीम मल्लको मृत्युदण्डको इतिहास पढेर यथार्थबोध गर्दै राष्ट्रियता र सार्वभौमसत्ता रक्षार्थ सयम छँदै एकजुट बन्न आग्रहसमेत गरेका छन् । 'हाम्रा युवाहरूले काजी भीम मल्लको मृत्युदण्डबारेको इतिहास पक्कै पढ्नुभएको छ । देशको सिमाना विस्तार गरेर फर्केका भीम मल्ललाई देश फर्किनासाथ काटिएपछि पछुताउने मात्र विकल्प बाँकी रह्यो । यथार्थभन्दा बाहिर गएर विस्तार गरिएका असन्तोषका परिणामहरू पछुताउन मात्र काम लाग्छन्, त्यस पछुतोले नै बनिरहेको देशको झन्झन् गाढा सम्झना गराउनेछ,' उनको वक्तव्यमा छ ।

### संविधानको मर्मअनुसार काम गर्न राष्ट्रपतिको आह्वान

**काठमाडौं** / राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको मर्म र भावना व्यवहारमा उतार्न मन, वचन र कर्मले समर्पित भई इमानदार र प्रभावकारी प्रयास गर्न आह्वान गरेका छन् । संविधान दिवसका अवसरमा जारी शुभकामना सन्देशमा उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनमार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान दिवस प्रेरणादायी हुने विश्वास व्यक्त गरेका छन् । राष्ट्रपति पौडेलले संविधानले सामाजिक न्यायमा आधारित समतामूलक समाज र समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको स्मरण गराएका छन् । संविधानले केन्द्रीकृत एकात्मक व्यवस्थाबाट उत्पन्न विभेद र उत्पीडन अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई राष्ट्रिय एकतामा बाँधेको राष्ट्रपति पौडेलले सन्देशमा उल्लेख गरेका छन् ।

### संविधान र राष्ट्रपति बचाएँ : प्रचण्ड

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जेन-जी आन्दोलनका क्रममा आफूले अहिलेको संविधान र राष्ट्रपति संस्था बचाउन भूमिका खेलेको दाबी गरेका छन् । संविधान दिवसका अवसरमा पार्टीले केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजना गरेको कार्यक्रममा बोल्दै प्रचण्डले त्यस्तो दाबी गरेका हुन् । 'जेन-जी आन्दोलनको उद्देश्य विध्वंस थिएन । इतिहासले, घटनाक्रमले र संयोगले मलाई फेरि यो प्रक्रियामा पनि कुनै न कुनै रूपले सहजीकरण गर्ने अवसर दियो । संसद् विघटन मात्रै होइन संविधान खारेज गर्ने र राष्ट्रपतिलाई पदबाट हटाउन के-कस्ता कसरत भए भन्ने नजिकबाट हेर्ने र बुझ्ने मौका पाएँ,' प्रचण्डले भने, 'मैले अन्तिमसम्म रातभर राष्ट्रपति, सेनापति र अन्य दलका नेताहरूसँग संवाद गरेर अहिलेको अन्तरिम सरकारको रूप दिएर भए पनि संविधान बचाउन आग्रह गरेँ र त्यसअनुसार घटनाक्रम अघि बढ्यो ।' उनले निकै अप्ठ्यारो परिस्थितिमा संविधानलाई रक्षा गर्न राष्ट्रपति पौडेल र प्रधानसेनापति उभिएको भन्दै धन्यवाद पनि दिए । बिहीबार साँझ अलग्गै भिडियो अपिल जारी गरेर पनि प्रचण्डले संविधान दिवसको शुभकामना दिएका थिए । उनले प्रत्यक्ष कार्यकारी मुद्दामा अघिल्लो संविधान निर्माणकै क्रममा सहमति गरेको भए अहिले जेन-जीहरूले आन्दोलन नै गर्नुनपर्ने हुन्थ्यो भन्दै विभिन्न समयमा श्रीलंका, बंगलादेशको घटना पटक-पटक स्मरण गराउँदा पनि सरकार सचेत नहुँदा अन्ततः जेन-जी विद्रोह भएको स्मरण पनि गरे । प्रचण्डले जेन-जी आन्दोलन र त्यसले उठाएका माग सही छ भन्ने पार्टी माओवादी नै पहिलो भएको जिकिरसमेत गरे ।

### समीक्षा आवश्यक छ : नेपाल

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले संविधानको कार्यान्वयनमा देखिएका कमजोरीको वस्तुनिष्ट समीक्षा गर्नुपर्नेमा जोड दिएका छन् । शुभकामना सन्देशमार्फत नेपालले शान्ति, स्थिरता र विकाससहित भ्रष्टाचारको अन्त्य, सुशासनको सुनिश्चितता र व्यापक रोजगारीको सिर्जना गरेर मुलुकलाई आर्थिक-सामाजिक रूपान्तरण गर्न आवश्यक रहेको बताएका छन् । प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्नु संविधानको विशेषता भएको नेपालले उल्लेख गरेका छन् ।

### टुँडिखेलमा सरकारको संविधान दिवस कार्यक्रम

## समीक्षा गरौँ : प्रधानमन्त्री कार्की



प्रधानमन्त्री सुशीला कार्कीले संविधान दिवस केवल उत्सव मात्र नभएर संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्यांकन गर्ने दिन पनि भएको बताएकी छिन् । 'संविधान दिवस केवल उत्सव मात्र होइन संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्यांकन गर्ने दिन पनि हो । यो संविधान कार्यान्वयनमा आएको विगत एक दशकमा संविधानले मार्गदर्शन गरेको यात्रामा के हासिल गर्‍यौँ, के गर्न सकेनौँ । यो बिचमा के-कस्ता कमीकमजोरी रहे र आगामी दिनमा के-कस्ता कार्यदिशा आवश्यक छ भन्ने सवालहरूको गम्भीरतापूर्वक समीक्षा गर्नुपर्ने स्थिति छ,' संविधान दिवसका अवसरमा सहिद मञ्च टुँडिखेलमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले भनिन् ।

सरकारका कामकारबाही पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता प्रश्नहरू सबै पुस्ताका साझा अपेक्षा र राष्ट्रिय एजेन्डा भएको कार्कीले बताइन् । आफू पदको लोभमा प्रधानमन्त्री भएको नभएको भन्दै कार्कीले देश संकटमा रहेका वेला युवा पुस्ताले अनुरोध गरेपछि मात्र संक्रमणको व्यवस्थापन गर्न नेतृत्व लिएको स्पष्ट पारिन् । संविधानअनुसार ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचनमार्फत जनप्रतिनिधि सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने काम सम्पन्न गरेर आफू जिम्मेवारीबाट बाहिरिने उनको भनाइ थियो । संविधान दिवसमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादवसहितको उपस्थितिमा मन्त्रीहरू, उच्चपदस्थ सरकारी अधिकारी, सुरक्षा अंगका प्रमुखहरू, कूटनीतिक नियोगका प्रमुखहरूसहितको उपस्थिति थियो ।

## मंसिरभित्र...

पृष्ठ १ बाट क्रमशः

म्याद सकिने हुनाले त्यसवेलासम्म नियमित वा विशेष महाधिवेशन सम्पन्न गरौँ,' बैठकमा महामन्त्री थापाको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'अब पार्टी पुनर्गठन अपरिहार्य भइसकेको छ ।' अब कार्यकाल थप्न नहुने र महाधिवेशन पनि मंसिरभन्दा पर धकेल्न नहुने थापाको भनाइ थियो । अर्का महामन्त्री शर्माले पनि थापाको प्रस्तावमा समर्थन जनाएका थिए ।

तर, उनीहरूपछि बोल्ने संस्थापन पक्षका केन्द्रीय सदस्यहरूले सभापति देउवाको उपस्थितिमा र पार्टीको आन्तरिक एकतालाई ध्यानमा राख्दै केन्द्रीय समितिमा छलफल गरेर मात्रै यसबारे निर्णय गर्नुपर्ने धारणा राखेका थिए ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बैठकपछि आयोजित पत्रकार सम्मेलनमा कार्यसम्पादन समितिमा महाधिवेशनबारे उठेको प्रश्नबारे भने, 'पार्टीले विधिवत् रूपमा नै महाधिवेशनकै तयारी गरेको छ । कसैको व्यक्तिगत धारणा होलान्, तर पार्टीले निर्णय गरेको छैन ।'

सभापति देउवा छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचाररत रहेका कारण उपसभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा कार्यसम्पादन समिति बैठक बसेको थियो । बैठकमा २० जना नेताले बोलेका थिए । उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय थापा र शर्मा, सहमहामन्त्रीहरू महालक्ष्मी उपाध्याय 'डिना', महेन्द्र यादव, जीवन परियार, कोषाध्यक्ष उमेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू डा. शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, बलबहादुर केसी, ज्ञानेन्द्रबहादुर कार्की, रमेश रिजाल, सुजाता कोइराला, एनपी साउद, आनन्दप्रसाद ढुंगाना तथा आमन्त्रित सदस्यहरू मीन विश्वकर्मा र श्यामकुमार घिमिरेले आफ्नो धारणा राखेका थिए ।

बैठकमा नेता डा. शेखर कोइरालाले एकता र सहमतिलाई छाड्न नहुने उल्लेख गर्दै यसकै जगमा पार्टीलाई पविर्तनका बाटोमा लैजानुपर्ने बताएका थिए । 'केन्द्रीय कार्यसमितिबाट सबै विषयको निर्धारण गरौँ । हामीले सहमति र एकतालाई कायम राखेर यसकै जगमा पार्टीलाई परिवर्तनको बाटोमा लैजानुपर्छ,' कोइरालाले बैठकमा भनेका थिए ।

बैठकमा बोल्ने धेरै नेताले पार्टी सभापति देउवाको उपस्थितिमा केन्द्रीय समिति बैठक बसेर पार्टीको आगामी मार्गचित्रबारे निर्णय गर्नुपर्ने बताएका थिए । कतिपयले जेन-जी आन्दोलनका नाममा लोकतन्त्र मात्र नभएर देशलाई नै भत्काउने प्रयास भएको हो कि भन्दै प्रश्न गरेका थिए । राष्ट्रपति रामचन्द्र पौडेललाई सबै दल र सरोकारवालाको बैठक राख्न आह्वान गर्नुपर्ने माग पनि बैठकमा केही नेताहरूको थियो । नेता कृष्ण सिटौलाले संसद् पुनर्स्थापनाको माग गर्नुपर्ने बताएका थिए । नेता विमलेन्द्र निधिले अहिलेको परिस्थिति राज्यको मल्टिपल अर्गान फेल्योर हो कि होइन भनेर समीक्षा गर्नुपर्ने बताएका थिए ।

### संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्चको व्याख्याविपरीत

कांग्रेस बैठकले संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्चको व्याख्याविपरीत रहेको निष्कर्ष निकालेको छ । 'संसद् विघटनको यो उपक्रम संविधानको परिकल्पना र सम्मानित सर्वोच्च अदालतको व्याख्याविपरीत छ । संसद् विघटन असंवैधानिक छ । यो कदमले लोकतान्त्रिक उपलब्धि धरापमा पारेको छ,' कांग्रेस विज्ञप्तिमा भनिएको छ । कांग्रेसले संविधानभित्रबाट राजनीतिक निकास खोज्नुपर्नेमा जोड दिएको छ ।

कांग्रेसले संविधानको रक्षार्थ विभिन्न राजनीतिक दल तथा नागरिक समाजलगायत सबै सरोकारवालासँग परामर्श गर्ने तथा शान्ति, लोकतन्त्र, अग्रगमन र समृद्धिको पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने पनि निर्णय गरेको छ । यसैगरी जेन-जी पुस्ताको प्रदर्शनले उठाएका जायज मागलाई आत्मसात् गर्दै कांग्रेसले विविध रूपमा सम्बोधन गर्न-गराउन प्रतिबद्ध रहेको पनि स्पष्ट पारेको छ ।

## ६ महिनादेखि...

पृष्ठ १ बाट क्रमशः

उद्धार गरेका छौँ । यसअघि पाँचजनाको उद्धार भइसकेको छ ।'

युक्रेनमा रुसले गरेको हमलापछि युक्रेनमा भएका अधिकांश नेपाली बाहिरिएका थिए । तर, अहिले युरोपका अन्य मुलुक पुग्ने लोभमा गिरोहले नयाँदिल्ली हुँदै युक्रेन पुर्‍याएको पत्ता लागेको छ । उनीहरूलाई युक्रेनबाट छिमेकी देश माल्डोभा हुँदै उद्धार गरिएको हो ।

परराष्ट्र मन्त्रालयले सम्बन्धित मुलुकको अध्यागमनलगायत अन्य कानुनको पूर्ण पालना गर्न आग्रह गरेको छ । 'सम्बन्धित मुलुकको कानुनको उल्लंघन वा अवज्ञा वा बेवास्ता गर्दा पक्राउ परिने र लामो समय थुनामा बस्नुपर्ने अवस्था आउने एवं ज्यानसमेत जोखिममा पर्न सक्ने हुन्छ । यसप्रकार पक्राउ परेकाहरूको उद्धार प्रक्रिया पनि सहज नहुने अनुभव रहेको छ,' परराष्ट्रले भनेको छ, 'तसर्थ, विभिन्न प्रकारका प्रलोभन र बहकाउका सम्बन्धमा सचेत हुन र यस प्रकारको कुनै पनि कार्यमा संलग्न नहुनुहुन सम्बन्धित सबैलाई अनुरोध गर्दछौँ ।'

## मन्त्रिपरिषद्...

पृष्ठ १ बाट क्रमशः

गरेकी थिइन् । तर, २३-२४ भदौका घटनाको छानबिन गर्ने आयोग गठन अझै अलमलमै छ । जेन-जी पुस्ताका युवाहरूको विशाल अपेक्षाको जगमा बनेको सरकारको कामलाई गति दिन सबैभन्दा पहिला मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्ने अवस्था छ ।

गृहमन्त्री अर्यालले छिटै मन्त्रिपरिषद्ले पूर्णता पाउने बताए । 'प्रधानमन्त्रीज्यूले नै ११ जना नकट्ने गरी मन्त्रिपरिषद् बनाउने भन्नुभएको छ । हामी हरेक दिनजसो बैठक बसिरहेका छौँ,' उनले भने, 'समावेशिता र व्यक्तित्व पनि हेरिन्छ । सरोकारवाला र विषयवस्तु विज्ञ पनि राखिन्छ । सबै पक्ष सम्बोधन हुने गरी छनोट होला । यो प्रधानमन्त्रीको विशेषाधिकार हो । मलाई लाग्छ- छिटै मन्त्रीहरू पाउँछौँ ।'

३१ भदौको पहिलो मन्त्रिपरिषद् बैठकपछि निस्किने क्रममा प्रधानमन्त्री कार्कीले एक-दुई दिनमा मन्त्रिपरिषद्ले पूर्णता पाउने बताएकी थिइन् । मन्त्रीहरू चाँडै आउने भन्दै उनले चिन्ता नगर्न सञ्चारकर्मीलाई भनेकी थिइन् ।

मन्त्री छनोटमा स्वतन्त्र, समावेशी र पेसागत विज्ञतालाई प्राथमिकता दिने प्रधानमन्त्री कार्कीको योजना छ । उनका अनुसार अहिले नियुक्त गरिएका तीनजना मन्त्री आफ्नो क्षेत्रका विज्ञ र क्षमतावान् हुन् । अब पनि कुनै दलमा नलागेको स्वतन्त्र, समावेशी, जनजाति, दलित, महिला र पिछडिएको व्यक्तिलाई समेट्ने कोसिस सरकारको छ ।

हालै बिबिसीलाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्री कार्कीले भनेकी छिन्, 'नाम त थुप्रै आएका छन् । त्यसमा राजनीति गरेको भए उसलाई हटाएर सामाजिक संस्थामा काम गरेका, सचिवहरू, जनजाति, दलित, महिला र पिछडिएको वर्गबाट समेट्छौँ । मन्त्रीको आकांक्षीलाई सोधेर गर्छौँ । जसलाई इच्छा छ र खुसीसाथ सहयोग गर्छ, उसलाई लिन्छौँ । निर्वाचन गराउने स्वतन्त्र सरकार राम्रो बनोस् भनेर धेरैसँग कुरा गरिरहेका छौँ । १०-११ जनाभन्दा बढीको क्याबिनेट हुँदैन ।'

आइतबार नयाँ मन्त्रीलाई शपथ खुवाउने गरी तयारी भइरहेको छ । तर, शुक्रबार रातिसम्म नाम टुंगिएको छैन । प्रधानमन्त्री कार्कीले तत्काल पाँचजना मन्त्री थप्ने तथा रक्षा र परराष्ट्र आफैँले हेर्ने मनस्थिति बनाएको स्रोत बताउँछन् । यद्यपि, सहमति जुटे रक्षा र परराष्ट्रमा पनि नियुक्ति गरेर अगाडि बढ्ने तयारी छ ।

प्रधानमन्त्रीनिकट स्रोतका अनुसार मन्त्रीहरू छनोटमा गृहमन्त्री अर्याल र ऊर्जामन्त्री घिसिङले समन्वय गरिरहेका छन् । 'उहाँहरूले रिसर्च गरेर ल्याएको क्वालिफाइड मान्छे मन्त्री हुन्छ । मन्त्री बन्ने चाहना धेरैको छ । आज बेलुका वर्कआउट हुन सक्छ । आज बेलुका वा भोलिसम्म टुंगो लाग्छ,' स्रोत भन्छ, 'टुंगियो भने आइतबार शपथ हुने सम्भावना छ ।'

जेन-जी समूहका सदस्य प्रदीप ज्ञवालीले सबै समूहहरू बसेर मन्त्री छान्ने जिम्मा प्रधानमन्त्रीलाई नै दिएको बताए । 'उहाँले जसलाई छान्नुहुन्छ, त्यसलाई हाम्रो समर्थन छ भनेर जेन-जीको सबै समूहले भनेको हो,' उनले भने, 'हामीसँग नाम मागेको छैन, हामीले पनि पठाएका छैनौँ ।'

मन्त्रीको चर्चामा पूर्वप्रशासक र आफ्नो क्षेत्रमा अब्बल काम गरेर ख्याति कमाएका व्यक्तिहरू छन् । जसमा जयराज आचार्य, मदनकुमार भट्टराई, बालानन्द शर्मा, शंकरदास वैरागी, नवराज सिलवाल, सर्वेन्द्र खनाल र मानुषी यमीलगायत चर्चामा छन् । मन्त्री छनोटमा डा. अभिषेकराज सिंह, सुमना श्रेष्ठलगायतले पनि बाहिरबाट सहयोग गरिरहेको बताइएको छ ।

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र विभागका प्राध्यापक डा. दीपेश घिमिरेले आन्दोलनबाट प्राप्त म्यान्डेटअनुसार सरकारको गति सुस्त देखिएको बताए । यही लयमा सरकार अगाडि बढे जेन-जीले खोजेको परिवर्तन संस्थागत नहुने उनको चिन्ता छ ।

'आन्दोलन अभूतपूर्व भयो । संसारमा यति छिटो दुई दिनमै सरकार परिवर्तन भएको विरलै र अपवाद हो । नेतृत्वविहीन आन्दोलन भएकाले निष्कर्षमा पुर्‍याउन र सरकार गठनमा समय लाग्यो । ६ महिनाभित्र निर्वाचन, भ्रष्टाचार छानबिन र संरचनात्मक सुधार पूरा गर्ने म्यान्डेटअनुसार जसरी काम गर्नुपर्थ्यो, त्यो देखिएको छैन,' उनले भने, 'यस्तै तरिकाले काम गर्ने हो भने सरकारलाई जेन-जीले उठाइरहेको एजेन्डा र लोकतन्त्र सुदृढीकरणको पक्षमा देखिएको अपेक्षा, चासो र चिन्ता सम्बोधन गर्न गाह्रो हुन सक्छ ।'

उनका अनुसार हालसम्म भएका केही निर्णय, चुनाव र पुनर्निर्माणका लागि स्रोत व्यवस्थापन र विद्युत् महसुसको दर तोक्ने निर्णय सकारात्मक छन् । तर, मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइले जनतामा निराशा बढाउन सक्ने उनको टिप्पणी छ । 'क्याबिनेट फर्मेसनमा भइरहेको ढिलाइले जुन रफ्तारमा सरकार जाला भन्ने थियो, त्यो देखिएन । छोटो समय, तर ठुलो म्यान्डेट भएको वेला अहिलेको रफ्तारले आशा दिन सक्दैन,' उनले भने, 'मर्निङ सोज द डे भनिन्छ । पछिल्लो रफ्तारले शंकाको दृष्टिबाट हेर्नुपर्ने अवस्था छ ।'

२३ गतेको घटनामा गोली कसले चलायो भनेर प्रश्न उठिरहेको भन्दै उनले अहिलेसम्म आयोग किन नबनेको भनेर प्रश्न उठाए । घिमिरेले निर्वाचनका लागि आयोगमा पदाधिकारी नियुक्तिदेखि कानुन संशोधनसम्मका काम बाँकी रहेको भन्दै अहिलेकै गतिमा समस्या हुने बताए । मन्त्रिपरिषद्मा अब्बल र निष्कलंक व्यक्ति जेन-जीहरूले खोजेको उनले बताए । 'उहाँहरूले प्रधानमन्त्रीलाई यहाँलाई डेलिभरी र परिणाम दिन सक्ने जो उपयुक्त लाग्छ, त्यसलाई नियुक्त गर्न अथोरिटी दिन्छौँ भन्नुभएको रहेछ । तर, जेन-जीले अब्बल र निष्कलंक कुनै काण्डमा संलग्न नभएको व्यक्ति हुनुपर्छ भनेका छन्,' उनले भने ।

## पहिरोले...

पृष्ठ १ बाट क्रमशः

बुधबार दिउँसो १२:४० मा दाउन्नेको विश्वकर्मा बाबा मन्दिरनजिकै पहिरो खस्दा सडक अवरुद्ध भयो । पहिरो पन्छाएर चार घण्टामा खुल्यो । तर, फेरि बिहीबार साँझ ६ बजे दाउन्नेको खुर्सानी खोलामा पहिरो खस्दा शुक्रबार दिउँसो १ बजेसम्म अवरुद्ध रह्यो । खुर्सानी खोलामा पहिरो पन्छाउन नपाउँदै शुक्रबार दिउँसो साढे १२ बजे ६५ मोडनजिकै पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध बन्यो । मध्याह्न १:५५ मा सडक एकतर्फी खुलेकामा दिउँसो ४ बजे पहिरो पन्छाएर पूर्ण रूपमा खुलाइएको छ । शुक्रबार सडक अवरुद्ध हुँदा दाउन्ने सडकखण्डको बर्दघाटदेखि दुम्कीबाससम्म १४ किलोमिटर दूरीमा सवारीसाधनको जाम लागेको थियो । साना तथा ठुला सवारीसाधन, लरी, ट्रक, यात्रुवाहक बस, शववाहनदेखि एम्बुलेन्ससम्म जाममा परिरहेका छन् । यो सडकमा सामान्य अवस्थामा दैनिक पाँच हजार गाडी गुड्ने भए पनि दसैं नजिकिँदै जाँदा चाप बढेको छ । 'पानी परिरहेको छ, बाटो चिप्लो छ, दसैं भएकाले पनि गाडीको चाप धेरै छ, त्यसैमा पहिरो खस्दा सडक अवरुद्ध भइरहेको छ,' उनले भने ।

नवलपरासी पूर्वका प्रमुख जिल्ला अधिकारी भवीश्वर पाण्डेले सडक विस्तारका लागि गत जेठमा काटेको भित्ता अहिले पानी पर्दा पहिरोका रूपमा खसिरहेको बताए । 'पहाड (भित्ता) काटेको ठाउँमा पर्खाल लगाउने काम भएको छैन । त्यहीँबाट पहिरो खसिरहेको छ,' उनले भने, 'दाउन्नेको १४ किलोमिटरमध्ये ६ किलोमिटर सडक मात्र ढलान र पिच छ, ८ किलोमिटर कच्ची हुँदा चिप्लो र हिलाम्य हुने गरेको छ, जसकारण सामान्य पानी पर्दा र पहिरो नखसेका वेला पनि सडकमा जाम लाग्ने गरेको छ ।'

बुटवल-नारायणगढ सडक विस्तारको ठेक्का पाएको चाइना स्टेट इन्जिनियरिङ कम्पनी र सडक आयोजनाका कर्मचारीलाई दसैँअगाडि दाउन्नेको सडक पिच वा ढलान गर्न निर्देशन दिइए पनि कुनै काम नभएको उनले बताए । 'काम गरेको देखिँदैन । दाउन्नेमा अहिलेदेखि नै सास्ती हुन थाल्यो । दसैँमा यात्रु तथा सवारीसाधनको चाप झन् बढ्छ । शनिबार बैठक बसेर यस विषयमा थप छलफल गर्छौं,' उनले भने ।

सडक आयोजनाका प्रमुख इन्जिनियर चुडाबहादुर ढकालले दसैँअगाडि दाउन्ने सडकखण्डमा अन्य भौतिक संरचना निर्माण हुने सम्भावना नरहेको बताए । 'यस्तै पानी परे कसरी यात्रा सहज गराउने र पानी रोकिए दसैँमा यात्रुलाई यात्रा सहज गराउन कसरी सकिन्छ भन्नेबाहेक अरू विकल्प छैन,' उनले भने ।

सात वर्षअघि विस्तार थालिएको नारायणगढ-बुटवल सडकखण्डको म्याद गत साउनमा चौथोपटक एक वर्षका लागि थप भएको थियो । सडक स्तरोन्नति गर्न सडक विभाग र चाइना स्टेट इन्जिनियरिङबिच ४ पुस ०७५ मा ठेक्का सम्झौता भएको थियो । सुरुको सम्झौताअनुसार कम्पनीले ०७९ असारसम्म काम सक्नुपर्ने थियो । तर, त्यस अवधिमा कम्पनीले काम सम्पन्न गर्न सकेन । त्यसपछि तीनपटकसम्म एक-एक वर्ष गर्दै साउन ०८०, साउन ०८१ र साउन ०८२ सम्म काम सक्नुपर्ने गरी म्याद थप गरिएको थियो । पछिल्लोपटक दिइएको म्याद ८ साउनमा सकिएको थियो । त्यो म्यादमा परियोजना निर्माणको काम नसकिएपछि ७ साउन ०८३ सम्मका लागि म्याद थप गरेको हो । हालसम्म परियोजनाको प्रगति ७२ प्रतिशत मात्र छ । स्तरोन्नतिको मुख्य कामअन्तर्गत ११३ किलोमिटर सडकमा ६४ वटा पुल, ४७४ वटा कल्भर्ट, १०६.१७ किलोमिटर नाली छ । त्यस्तै, ७० किलोमिटर चार लेन, २९ किलोमिटर चार लेनसहित दायाँ-बायाँ ६-६ मिटरको सर्भिस लेन र दाउन्ने क्षेत्रको १४ किलोमिटरमा तीन लेन स्तरोन्नति हुनुपर्नेछ । अहिले यात्रुले सास्ती भोगिरहेको दाउन्नेको १४ किलोमिटर क्षेत्रमा हो ।

### जाममा परेका यात्रुदेखि सवारीचालकका अनुभव

बुटवलका सुशील पाण्डे काठमाडौंमा कलेज बिदा भएपछि शुक्रबार घर फर्किए । बुटवल घर भएका उनी शुक्रबार २ बजे दुम्कीबास आइपुगे पनि पहिरोका कारण साँझ ६ बजेसम्म जाममा परे । साँझ ६ बजेसम्म दुम्कीबासमै जाममा रहेका उनले भने, 'दाउन्नेको १४ किलोमिटर सडक पार गर्न कति घण्टा लाग्ने हो कुनै ठेगान छैन, शनिबार बुटवल पुगिएला नि ।'

भैरहवाबाट भरतपुर बिरामी लिएर हिँडेका ग.२च ३३८ नम्बरका एम्बुलेन्सचालक कृष्णप्रसाद तिवारी बिहान ८ बजे बर्दघाटको उकालो उक्लेका थिए । उनी दाउन्नेको जाम छिचोल्दै दुम्कीबास आइपुग्दा झन्डै साँझको ५ बजिसकेको थियो । उनका अनुसार एम्बुलेन्सलाई पनि दाउन्नेको बाटो पार गर्न नौ घण्टा लागेको थियो । एम्बुलेन्सको पछि-पछि एउटा शववाहन पनि थियो । शववाहनलाई पनि दाउन्ने छिचोल्न आठ घण्टा लागेको थियो ।

भारतको हैदराबादबाट काठमाडौं समान छाड्न आएका लरीचालक सन्तोष यादव बिहीबार साँझ ८ बजेदेखि दाउन्नेको जाममा फसेका थिए । उनी शुक्रबार साँझ ४ बजे मात्र दुम्कीबास आइपुगेका थिए । उनका अनुसार दाउन्नेको उकालो कटाउन लरीलाई करिब १६ घण्टा लागेको थियो ।

### पहिरोले मुग्लिन-नारायणगढ सडक पनि अवरुद्ध



मुग्लिन-नारायणगढ सडकखण्डअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिका- ६ स्थित तुइनखोलामा शुक्रबार सवा सात बजे पहिरो खस्दा सडक पूर्ण रूपमा अवरुद्ध बनेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख गायत्री शर्माका अनुसार दिउँसोदेखि साना पहिरो खसिरहेका वेला साँझ ठुलो पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको हो ।

सडक डिभिजन कार्यालय भरतपुरले पहिरो खस्ने जोखिम कायमै रहेकाले रातको समयमा माथिबाट झरेको ढुंगा/पहिरो नदेखिने र आवागमन नियमित गर्दा सम्भावित दुर्घटना निम्तन सक्ने भएकाले शनिबार बिहानसम्म सवारी आवागमन नगर्न भनेको छ । 'बिहानै ४ बजेतिर (झिसमिसे उज्यालोमा) पहिरो हटाउने कार्य सुरु हुनेछ । सडकमा रोकिएका सवारीसाधन लेन अनुशासनमा राख्नुहुन र यात्रु महानुभावहरू आजको रात अवधिभर सावधानीपूर्वक सुरक्षित स्थानतिर गइदिनुहुनसमेत हार्दिक अनुरोध गरिन्छ,' डिभिजनले भनेको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार ४ असोज ०८२
nayapatrikaofficial @nayapatrika

# स्टेयरिङमा महिला

नेपाल यातायात मजदुर संघमा मात्रै ३१ हजार चालक आबद्ध छन् । जसमध्ये ट्याम्पुचालक महिला ३९ जना छन् । एक्स्काभेटर अपरेटर मुना घिमिरे, साझा बसचालक हर्मिता श्रेष्ठ र लामो दूरीको बसचालक रेविका साहनीले ठुला गाडी हाँकिरहेका छन् ।

समाज



● शान्ति तामाङ

नेपालमा महिलाको संख्या पुरुषको भन्दा साढे ६ लाखले धेरै छ । संख्यात्मक हिसाबले महिलाको संख्या धेरै भए पनि अझै धेरै क्षेत्र पुरुषकै पकडमा छ । धेरै क्षेत्रमा महिला आउन खोजे पनि हाम्रो सामाजिक संरचनाले उनीहरूलाई जहाँको तहीं बस्न बाध्य बनाएको छ । यसका बाबजुद पनि महिलाले प्रयास गर्न भने छाडेका छैनन् । पछिल्लो समय सार्वजनिक सवारीसाधन चालकको रूपमा केही महिला देखिएका छन् । तर, ठुला सवारीसाधन चालकको संख्या भने औंलामा गन्न सकिने मात्र छन् । काठमाडौं उपत्यका हुँदै बाग्लुङ र पर्वतको कुस्मासम्म पुग्ने साझा यातायातमा समेत एकजना मात्र महिला चालक छिन् ।

एक सय ११ बस भएको साझासँग एक सय ७० चालक छन् । जसमध्ये एकजना मात्र महिला चालक छिन् । एक सय ७० नै सहचालक भएको साझाले ११ जना महिला सहचालक राखेको छ । एक तथ्यांकअनुसार देशभर चालक र सहचालकको संख्या करिब १५ लाख छ । तर, यो तथ्यांक आधिकारिक नभएको नेपाल यातायात मजदुर संघका अध्यक्ष धर्मराज भण्डारी बताउँछन् । उनले नेतृत्व गर्ने संगठनमा ३१ हजार चालक आबद्ध छन्, जसमध्ये महिलाको संख्या ३९ मात्र छ । ती ३९ जना नै ट्याम्पु चालक हुन् ।

नेपालमा ०३७ सालमै लक्ष्मी शर्माले ट्याम्पु चलाएर नेपालकै पहिलो महिला ट्याम्पु चालक बनेकी थिइन् । पचासको दशकदेखि मुना घिमिरे, हर्मिता श्रेष्ठ, रेविका साहनीले चालकको रूपमा काम गर्न थाले । मुनाले हेभी सवारी चालकबाटै आफ्नो करियर सुरु गरेकी भए पनि हर्मिता र रेविकाले साना सवारीचालकको रूपमा करियर सुरु गरे । हर्मिताले त ट्याम्पु, माइक्रो हुँदै बस चलाउन थालेकी हुन् । यी तीनले सवारीचालक पेसा सुरु गर्दा बिस्तारै महिलाहरू ट्याम्पु, ट्याक्सी चालकको रूपमा आए । केही ट्याम्पु र ट्याक्सीमै सीमित छन् । धेरैजना यो पेसाबाट पलायन भइसकेका छन् । काठमाडौंमा चल्ने ट्याम्पुमा अझै पनि ८५ प्रतिशत महिला चालक छन् । योबाहेक हेभी चालकको रूपमा महिलाहरूले आउन आँट गर्न सकेका छैनन् ।

अहिले पनि लामो दरीका सवारी चलाउने महिला एकजना मात्र छिन् । हेभी इक्विपमेन्टको रूपमा डोजर चलाउने पनि एकजना मात्र छिन् । उपत्यकाबाहिर समेत चल्ने साझा यातायातमा एकजना मात्र महिला चालक छिन् । यातायात मजदुर संगठनले महिलालाई यो क्षेत्रमा ल्याउन प्रेरित गरिरहेको भए पनि समाजले नै यो पेसा महिलाहरूका लागि होइन भन्ने भाष्य निर्माण गरेकाले समस्या भएको भण्डारी बताउँछन् । 'यो पेसालाई समाजले अवहेलानाको दृष्टिकोणबाट हेर्छ,' उनी भन्छन्, 'यसलाई चुनौती दिँदै केही महिला आउनुभएको छ । तैपनि, सामाजिक सुरक्षा भत्ता, अस्थायी प्रकृतिको पेसा भएका कारण धेरैजना टिक्नै सक्नुहुन्न ।'

तीसको दशकमै ट्याम्पु चलाएकी लक्ष्मी शर्माले विभिन्न ठाउँमा भनेकी छिन्, 'कहिलेकाहीं रुन्थें । जमलमा एउटा समूहले भनेको ठाउँमा नजाँदा मेरो ट्याम्पु तोडफोड गरे । ममाथि हातपात गरे । त्यसको कतै सुनुवाइ भएन ।' अहिले पनि महिला चालकलाई हेर्ने दृष्टिकोण कति पनि फरक नभएको महिला चालकहरू बताउँछन् ।



हेभी इक्विपमेन्ट अपरेटर **मुना घिमिरे**



साझा बस हाँकिरहेकी **हर्मिता श्रेष्ठ**



लामो दूरीको बसचालक **रेविका साहनी**



यतिवेला महिलाहरू सवारीसाधनको स्टेयरिङमा मात्रै होइन, देशै चलाउने स्टेयरिङमा पुगेका छन् । देशले पहिलोपटक महिला प्रधानमन्त्री पाएको छ । त्यस्तै महान्यायाधिवक्ता पनि महिला नै पाएको छ । समाजको आधा हिस्सा विभिन्न क्षेत्रमा अघि बढिरहेको छ । यातायात क्षेत्रमा पनि विभिन्न समस्याका बाबजुद महिला चालकहरू काम गरिरहेका छन् ।

## एक्स्काभेटर चलाउने मुना

अचेल मुना घिमिरेको दिन सानी मुना हेरेर बित्दै छ । सानी मुना अर्थात् मुनाले दुई महिनाअघि जन्म दिएकी छोरी । छोरी जन्मिएपछि उनको दैनिकी छोरीसँग रमाउने, तेल लगाउने र आफ्नो ख्याल गरेरै बित्ने गरेको छ । ४५ वर्षको उमेरमा छोरी जन्माएकी उनी अहिले निकै खुसी छिन् । डोजर चलाउन पत्याउँदा पनि उनलाई त्यस्तै खुसी लागेको थियो । 'अहिले आराम गरेर बसिरहेकी छु । धेरैपछि भए पनि आमा बन्न पाउँदा एकदमै खुसी लागेको छ,' मुनाले भनिन् । आमा भएसँगै आफूमाथि अझै मिहिनेत गरेर काम गर्नुपर्ने जिम्मेवारी आएको उनी बताउँछिन् ।

सडक विभागमा कार्यरत उनी नेपालकै पहिलो महिला हेभी इक्विपमेन्ट अपरेटर हुन् । भारतको गुजरातमा समेत केही समय काम गरेकी उनी तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीबाट सम्मानित भएकी थिइन् । गोरखाकी उनले एक्स्काभेटर चालक बनेर ००५ देखि ००८ सम्म गुजरातमा काम गरेकी थिइन् । सानैदेखि महिला-पुरुषबिचको विभेदले उनलाई डोजर चालकको रूपमा स्थापित बन्न सहयोग गरेको थियो । छोरा जन्माउन नसकेको भन्दै उनको बुबाआमालाई आफन्त र समाजले गरेको तिरष्कारका शब्द अझै उनको कानमा गुन्जिन्छ । 'बुबाआमालाई समाजले तेरो छोरा छैन । काजकिरिया कसले गर्छ ? कसले पाल्छ ? भन्थे । गरिबको घरमा चिहाउने प्वाल धेरै हुन्छ भनेको जस्तै अवस्था थियो,' उनले भनिन्, 'जे गरे पनि पुरुषसरह गर्छु भन्ने बच्चै वेलादेखि लाग्थ्यो । मेरो इच्छाअनुसार परिस्थिति, आत्मविश्वास र सपोर्ट भयो । त्यसैले यो पेसामा छु ।'

प्रमाणपत्र तहसम्म अध्ययन गरेकी उनले १७ वर्षको उमेरदेखि नै डोजर चलाउन थालेकी हुन् । दुई छोरीमध्ये जेठी, उनलाई सुरुवाती दिनमा काम पाउन गाह्रो भयो । आफूलाई पटक-पटक प्रमाणित गर्नुपऱ्यो । 'काम सिकेपछि पाइएला नि भन्ने थियो । तर, त्यस्तो अवस्था थिएन । काम खोज्दै जाँदा केटा मान्छेले त एकपटक सोच्नुपर्छ, केटी मान्छेले कहाँ सक्छन् भने । हेयको दृष्टिले हेरे । छैन काम भनेर हकारे । धेरैले अविश्वास गरे । थोरैले विश्वास गरे । त्यसैले म यहाँसम्म आइपुगें,' उनले भनिन् ।

६ वर्ष अस्थायी रूपमा काम गरेर उनी ०७२ सालमा लोकसेवा पास गर्दै विभागमा स्थायी जागिरे भएकी छिन् । सरकारी सेवा प्रवेश गरे पनि उनलाई डोजर नचलाउन आफ्नै समकक्षीले भने । 'सुरुवाती दिनमा तपाईंलाई यहाँ मेसिन चलाउन कसले दिन्छ ? खरदार सुब्बामा जागिर खानुस् भने । तर, मैले कसैको खल्तीको तलब खान आएको होइन, सरकारको नियमअनुसारको तलब खान आएको हुँ । खरदार, सुब्बाको काम गर्ने भए किन मेसिन चलाउन आउँथें ? भनेर उनीहरूलाई जवाफ दिन्थें,' उनले सरकारी सेवामै भएको अनुभव सुनाइन् ।

चुनौती नै चुनौती भएको यो पेसामा सबैजना सजिलै आउन चाहँदैनन् । उनी डोजर लिएर कहिले पहिरो, कहिले खोलानाला, कहिले अक्करे भिर, कहिले सुनसान र घना जंगल पुग्नुपर्छ । यस्तो पेसामा पुरुष त सजिलै आउँदैनन् । झन् अनेक जिम्मेवारी भएको महिलालाई आउन गाह्रै भएको उनको तर्क छ । तर, चुनौतीका बाबजुद पनि उनी अरू पनि महिला डोजर चालक उत्पादन गर्न लागिपरेकी छिन् । 'यो पेसामा चुनौती नै चुनौती छ । चुनौती नभएको भए धेरै आउँथे होला । तर, म अरू महिलालाई पनि डोजर चालक बनाउन चाहन्छु । त्यसका लागि केही दिदीबहिनीलाई सिकाएको पनि छु । तर, उहाँहरू मेसिन लिएर बाहिर आउन सक्नुभएको छैन,' मिनाले भनिन् ।

मिनाले पाँचौं तहको सरकारी कर्मचारीले पाउने तलब (३५ हजार) पाउँछिन् । साथै डोजर चलाउन फिल्डमा जाँदा अतिरिक्त भत्तास्वरूप मासिक ३०-३५ हजार कमाउँछिन् । यसबाट उनको परिवार राम्रो चलिरहेको छ ।

## लामो दूरीको बस चलाउने रेविका

मोटरसाइकल दुर्घटनापछि रेविका साहनी एक वर्षदेखि घरमै आराम गरिरहेकी छिन् । घर बसेको एक वर्ष हुने लाग्दा बससँगको सामिप्यता भने कसैगरी घट्न सकेको छैन । त्यसैले घरआँगनमा आउने लागेको दसैंअगावै बस चलाउन जाने तयारी गर्दै छिन् । ठुलो बस चलाउनकै लागि एक-दुई ठाउँबाट अफरसमेत आइरहेको रेविकाले बताइन् । 'बाइक दुर्घटनामा हात भाँचिएकाले घरमै आराम गरेर बसिरहेको छु । अहिले ठिक हुँदै छु । अब बिस्तारै काममा फर्कन्छु,' रेविकाले भनिन् ।

रेविकाको बाल्यकाल बाग्लुङको गलकोटमा निकै कठोर संघर्षबाट गुज्रियो । त्यसैले उनको परिवार उनी १० वर्षको हुँदा ०४० सालमा बुटवल झऱ्यो । उनी १४ वर्षकी हुँदा बुबाआमाले संसार छाडेर गए । परिवारका अन्यबाट केही 'सपोर्ट' नभएपछि कष्टकर दिन झेल्दै उनी काठमाडौं आइन् । बिहे गरिन् । विवाह सम्बन्ध लामो समय कायम रहेन । त्यसपछि काठमाडौंमा जीवन बिताउन उनले निकै संघर्ष गरिन् । बिस्तारै कार सिकिन् । जसले उनलाई आत्मनिर्भर बन्न ट्याम्पु चालक बनायो ।

रेविकाले चालकको रूपमा काम गर्न थालेको २२ हुन थाल्यो । दुई वर्ष ट्याम्पु, माइक्रो बस, साझा बस हुँदै उनले लामो दूरीको बस चलाउन थालेकी हुन् । आफ्नो छोरालाई बन्द कोठामा राखेर ट्याम्पु चलाउन थालेकी उनलाई सुरुवाती दिनमा समाजले राम्रो दृष्टिले हेरेन । अनेक लाञ्छना लगायो । तर, आत्मनिर्भर बनेर अगाडि बढ्ने क्रममा उनले ती सबै बेवास्ता गरिन् । 'अहिलेसम्म हाम्रो समाजले सवारीचालकलाई पेसाको रूपमा लिन सकेको छैन,' उनले भनिन्, 'महिलाले गाडी चलाउन थाल्यो भने त बिचरी बुढाले छाडेर गाडी चलाउन आएकी रे, यसलाई इन्डियाबाट फिर्ता ल्याएको रे, परिवारबाट हिंसामा परेर गाडी लाइनमा आएकी रे भन्छन् । हामी आफ्नो पेसामा गर्व गर्छौं । तर, समाजले त्यसलाई निराशामा परिणत गरिदिएको छ । त्यही भएर पनि धेरैले यो पेसालाई निरन्तरता दिन सकेको छैन ।'

हुर्केको एउटा छोरा गुमाएकी उनको अहिले आठ वर्षको छोरा छ । उनी अहिले पहिलो छोराको नाममा स्थापना भएको 'विवेक स्वच्छ केन्द्र बाल आश्रम' केन्द्रका ४० जना छोराछोरीको समेत आमा भएकी छिन् । यी बालबालिकालाई छाडेर बस चलाउन जाँदा उनी जहाँ बस रोकिन्छ, त्यहीं भिडियो कल गर्छिन् । हालखबर सोध्छिन् । आफूले मिठोमसिनो खाने वेला उनीहरूकै अनुहार सम्झिन्छिन् ।

रेविका अहिले ठुलो बस चालक मात्र होइन, मदर रेविकाको रूपमा समेत चिनिएकी छिन् । 'हिजो एउटा छोराको आमा थिएँ । अहिले धेरै छोराछोरीको आमा बन्ने कोसिस गरिरहेकी छु । व्यक्तिहरूले सहयोग गरेर आश्रम चलाइरहेको छु । मिलेसम्म आफ्नो पेसालाई पनि निरन्तरता दिएको छु,' उनले भनिन् ।

लामो दूरीको बस चलाउन कठिन भएको रेविका बताउँछिन् । 'गाडी स्टेसनदेखि नै चुनौती फेस गर्नुपर्छ । रात्रिकालीन बस, त्यो पनि लामो दूरीका बस चलाउँदा सबैभन्दा पहिला घरपरिवारबाटै सहयोग चाहिन्छ,' उनले भनिन्, 'यो पेसामा महिला आउन र टिक्न मान्छेको विचार परिवर्तन हुन आवश्यक छ । मलाई ६० सालमा ट्याम्पु चलाएर आत्मनिर्भर बन्न खोज्दा निकै गाह्रो भयो । अहिले पनि ड्राइभर बन्छु भन्दा अवस्था त्यस्तै छ । कामलाई मूल्यांकन नगर्नुस् । विभेद नगर्नुस् । इज्जत गर्नुस् ।' यातायात मजदुरीको क्षेत्रलाई सम्मानित बनाउन राज्यले नै काम गर्नुपर्ने उनको सुझाव छ । अरू थुप्रै महिलालाई सवारीचालक बनाउनुपर्ने उनको भनाइ छ । आफ्नो काम देखेर अरू पनि प्रेरित भई यस क्षेत्रमा आऊन् भन्ने उनी चाहन्छिन् ।

## साझा बस हाँक्ने हर्मिता

भिरसमिसेमै उठ्नु, खाना तयार गर्नु, सात नबज्दै ६ किलोमिटर पार गरेर पुल्चोक पुग्नु, दिनभरि गाडी हाँक्नु, राति आठ बजे बस पुल्चोक नै पुऱ्याएर कीर्तिपुर फर्किनु चालक हर्मिता श्रेष्ठको दैनिकी हो । प्रत्येक दिन उनी ठिक सात बजे आफ्नो रुटको बस चलाउन पुल्चोकस्थित साझा यातायात सहकारी संस्था लिमिटेडको कार्यालय पुग्छिन् । त्यसपछि आफ्नो रुटको बस लिएर दिनभर कुदिछन् । दिनभर सडकमा कुद्ने उनलाई पहिलोपल्ट देख्नेले पुलुक्क हेर्छन् । धेरैले सम्मान पनि गर्छन् । महिला चालक भएकाले होला, धेरैले सम्मान गर्छन् । बुढाबुढी यात्रीहरूले उनलाई आशीर्वाद दिँदै भन्छन्, 'रिटायर्ड हुने वेलासम्म काम गर्नुस् । तपाईंको काम देखेर अरू महिलाले पनि सिक्छन् । तपाईले चलाएको देखेनन् भने हिम्मत गर्दैनन् । गाडी चलाइरहनू ।'

कक्षा ११ सम्म पढेकी उनी बस, मिनिबस, ट्रक, लहरी, कार, मोटरसाइल सबै चलाउँछिन् । धरानमा जन्मिएकी उनले यातायात मजदुरको रूपमा काम गर्न थालेको २५ वर्ष हुन थाल्यो । दुई छोराछोरीकी आमा भएर होला उनी पुरुषसरह ढुक्कले काम गर्न सक्दिनन् । उनी कामकै बिच घरमा पटक-पटक फोन लगाउँछिन् । आठ कक्षा पढ्ने छोरीको हालखबर सोध्छिन् । खाना खाने र खाजा खाने वेला घरमा फोन गर्छिन् । समस्याका बाबजुद उनी आफ्नो पेसामा रमाएकी छिन् । 'ड्युटी अवेलासम्म गऱ्यो । कहिले जाम हुन्छ । कहिले अर्कोले आएर ठोकिदिन्छ । चौकीमा जानुपर्छ । लामो समय कुर्नुपर्छ । प्यासेन्जर रोक्न नमिल्ने ठाउँमै झर्छु भन्छन् । कहिलेकाहीं टेन्सन हुन्छ । चुनौती त खेप्नुपऱ्यो नि,' उनले भनिन् ।

सुरुवाती दिनमा आफ्नै घरमा भएको मारुती भ्यान चलाउन सिकेर यो क्षेत्रमा आएकी उनका लागि अहिले यो रहरको पेसा भएको छ । तर, यसका लागि परिवारको ठुलो सहयोग हुनुपर्ने उनी बताउँछिन् । 'परिवारको साथले गर्दा यो पेसामा टिकिरहेकी छु । सबैलाई यहाँ टिक्न गाह्रो छ । महिलालाई धेरै जिम्मेवारी हुन्छ,' उनले भनिन्, 'यो क्षेत्रमा बिहान हिँडेदेखि बेलुका घर जाने टुंगो हुँदैन । धेरै व्यस्त भइन्छ । घरमा भनेका वेला समय दिन सकिँदैन । त्यसैले सबैजनालाई टिकिरहन गाह्रो छ ।' यसका लागि सरकारी निकायबाटै काम हुने हो भने महिलाहरू पनि सजिलै आउने उनको मत छ ।

समाज अध्येता कैलाश राई महिलाहरूलाई अझै पनि अनौपचारिक श्रम क्षेत्रमा काम गर्ने वातावरण नभएको बताउँछिन् । भन्छिन्, 'यातायात मजदुरका रूपमा केही महिला आएका छन् । तर, यो क्षेत्रमा पनि महिलालाई अप्ठ्यारो छ । राजनीतिक सम्बन्ध, सामाजिक पुँजीको हिसाबले पुरुषहरूकै संघसंस्थाको बाहुल्य छ । यस्तो अवस्थामा महिलाहरू आउटसाइडरमा रहन्छन् । सहयोग कम हुन्छ ।'

यतिवेला महिलाहरू सवारीसाधनको स्टेयरिङमा मात्रै होइन, देशै चलाउने स्टेयरिङमा पुगेका छन् । देशले पहिलोपटक महिला प्रधानमन्त्री पाएको छ । त्यस्तै महान्यायाधिवक्ता पनि महिला नै पाएको छ । समाजको आधा हिस्सा रहेका महिलाहरू विभिन्न क्षेत्रमा अघि बढिरहेका छन् । यातायात क्षेत्रमा पनि विभिन्न समस्याका बाबजुद महिला चालकहरू काम गरिरहेका छन् । उनीहरू आर्थिक रूपमा आत्मनिर्भर छन् । समाजको रुढिवादी मान्यताले 'महिलाले गाडी चलाउन हुँदैन' भने पनि पुराना सामाजिक मान्यतालाई चुनौती दिँदै महिलाहरू अघि बढिरहेका छन् ।

# फोटो खिच्दाखिच्दै गोली लागेको त्यो क्षण

आन्दोलनकारीको ढुंगा र पुलिसको गोलीबाट बच्दै फोटो खिच्दाखिच्दै मलाई पनि गोली लागिसकेछ



रिपोर्टरको डायरी



● दिपेन्द्र ढुंगाना

भदौ २३ । बानेश्वरको संसद् भवन अगाडि मध्य दिउँसो कानको पछाडि केही कुरा आएर ठोक्किएजस्तो लाग्यो । १ बजेको समय थियो । त्यहाँको माहोल र स्थिति कुनै युद्ध मैदानभन्दा कम थिएन । बानेश्वर पुग्नुअघि नै यस्तो माहोल बन्न सक्छ कि भन्ने डर मनमा थियो । त्यो भिड, त्यो जोस, त्यो आक्रोश केवल भ्रष्टाचारको विरोधमा थियो ।

बिहान करिब ९ बजेदेखि नै माइतीघर मण्डला आन्दोलनकर्मीले भरिभराउ थियो । यो आन्दोलनमा जम्मा भएको भिड हेर्दा पक्कै पनि ठुलो केही हुन्छ जस्तो लागेको थियो । त्यहाँ देखिने अनुहार प्रायः पार्टीको आन्दोलनमा भन्दा फरक अनुहारका थिए । मानिसहरू थपिँदै गए, पार्टीमा आबद्ध अनुहार पनि देखिन थाले । जुम लेन्सले टाढा-टाढाकाहरू प्रस्ट देखिन्थे । त्यो भिडमा आदि जति पार्टीका कार्यकर्ता देखिन्थे, आधा जति नयाँ अनुहार नै थिए । त्यो भिडको नाराहरू धेरै थिएनन् । मात्र थियो, सुशासन, भ्रष्टाचारीलाई कारबाही, प्रधानमन्त्रीको राजीनामा । नेपालको झण्डामुनि बसेर सबैको एउटै स्वरमा सुशासनको आवाज उठाइरहेका थिए ।

माइतीघरबाट १० बजे चाली बानेश्वतिर अगाडि बढ्यो । बबरमहलबाट मुख्य सडक हुँदै अगाडि बढिरहँदा अवस्था सामान्य थियो । पुलिसहरू होटेल इन्द्रेणी अगाडि बाटो ढाकेर निषेधित क्षेत्रको बोर्ड राखेर बसेका थिए ।

अरू वेलाको जस्तो आन्दोलनकारीलाई सजिलै रोक्ने गरी प्रहरी तैनाथ थियो । एउटा पानीको फोहोरा बोकेको पुलिसको गाडी पनि थियो । पहिलो लाइनमा दंगा नियन्त्रक अनि सशस्त्र प्रहरी बलको ठुलो जत्था तैनाथ थियो । केही समय नाराबाजी र पुलिससँगको ठेलमठेल चलिरह्यो, यस्तो हुनु सामान्यजस्तै हो । केही समयसम्म ठेलमठेल चल्दै गर्दा सर्विस लेनतर्फको हुल उत्तेजित बन्दै गएको थियो । त्यतिवेलासम्म त्यो भिडभाडमा पार्टीका कार्यकर्ता पनि मिसिएका थिए । केही विद्यार्थीका हुल फेरि मिसिए । अवस्था आक्रामक भए पनि सन्तुलित नै थियो । निषेधित क्षेत्रको बारअगाडि भएका आन्दोलनकारी माइतीघर मण्डलामा देखिएकाभन्दा फरक र उग्र स्वभावका देखिन्थे ।

आन्दोलनकारीहरू निषेधित क्षेत्र तोडेर अगाडि बढेपछि बल्ल पुलिसले पानीको फोहोरा चलायो । लाठीचार्ज गर्न सकेन । पुलिसले आन्दोलनकारीलाई अगाडि बढ्न दिएकोजस्तो देखियो । अघिल्ला आन्दोलनजस्तै एमसिसीविरुद्धको आन्दोलन, शिक्षक आन्दोलन, लघुवित्त आन्दोलन, मिटर ब्याज आन्दोलनलगायत आन्दोलनमा धेरै आन्दोलनकारी थिए । त्यसवेला परिस्थिति पुलिसले सजिलै नियन्त्रण लिएको थियो । जेन-जी आन्दोलन सजिलै बानेश्वर चोक पुग्यो ।

यसलाई सामान्य तरिकाले हेर्दा पनि पुलिसभित्र समन्वयको अभाव र प्रहरी र सशस्त्र प्रहरीबिच पनि राम्रो समन्वय नभएकोजस्तो देखिन्थ्यो । दुवै युनिट असफल भयो । पुलिसले अश्रुग्यास र गोली हान्न थाल्यो । त्यो समयसम्म पुलिसको युनिट थपिएकै थिएन ।

पुलिसले आफूसँग भएको सबै हतियार प्रयोग गरिसकेको थियो । आन्दोलनकर्मी संसद् भवनतिर बढिरहेका थिए । आन्दोलनकारी पुलिसको गोलीले ढलिरहेका थिए । आफ्नै अगाडि धेरै आन्दोलनकारी गोली लागेर ढलिरहेका थिए । गोली कताबाट चलिरहेको थियो, मेसो पाइएन । जति आन्दोलनकारी ढल्दै गए, त्यति नै आन्दोलन उग्र हुँदै गयो । पुलिसले आफ्नो संयमता गुमाउँदै गयो । बानेश्वर चोक युद्ध मैदान बन्दै गयो । वरिपरि जता हेऱ्यो, त्यतै मानिस ढलिरहेका थिए । अश्रुग्यासले आँखा पोलिरहेको थियो । गोली आएको मेसो पाउन सकिने अवस्था नै थिएन । कहिले रोडको डिभाइडरमा लुकेर फोटो खिचेँ, कहिले पुलिसकै आड लागेर फोटो खिचेँ । आन्दोलनकारीको ढुंगा, पुलिसको गोली र अश्रुग्यासको बिचमा पिल्सिएर फोटो खिचिरहेँ । मनमा त्रास थियो नै, कामको जिम्मेवारी पनि थियो । जति आन्दोलनकारी आफ्नै अगाडि धेरै आन्दोलनकारी गोली लागेर ढलिरहेका थिए । गोली कताबाट चलिरहेको थियो, मेसो पाइएन । जति आन्दोलनकारी ढल्दै गए, त्यति नै आन्दोलन उग्र हुँदै गयो । पुलिसले आफ्नो संयमता गुमाउँदै गयो । बानेश्वर चोक युद्ध मैदान बन्दै गयो । वरिपरि जता हेऱ्यो, त्यतै मानिस ढलिरहेका थिए ।

गोलीले ढल्थे, मन कुँडिदै जान्थ्यो । त्यही वेलाको परिस्थितिले मलाई चैत १५ गतेको आन्दोलनको याद दिलायो । अनि सम्झैं, त्यसवेला पनि आन्दोलनमा उक्साउने र भड्काउने मानिस थिए ।

आन्दोलनको एजेन्डा बोकेर आउनेहरू कताकता तितरबितर भए, केही घाइते भए । बिचरा, ती कलिला जेन-जीहरूलाई आन्दोलनमा यति क्रूर दमन हुन्छ भन्ने के थाहा ? एकदमै खराब अवस्थामा त्यहाँ जोगिनु नै ठुलो चुनौती थियो । भाग्दै लुक्दै फोटो खिच्दाखिच्दै मलाई पनि गोली लाग्यो ।

संसद् भवनको मुख्य गेटअगाडि आन्दोलनकारीले तोडफोड गर्दै थिए । कोही हाम्रो छेउमै आएर ढुंगा हान्दै थिए । त्यही आन्दोलनकारीलाई हानेको गोली मलाई पनि लाग्यो । करिब १ बजेको थियो होला । दाइहरू, साथीभाइ सबै वरिपरि नै थिए । गोलीको छर्रा आयो भनेर कुरा गर्दागर्दै मलाई लाग्यो । धन्न सबै सँगै थिए, बोकेर अस्पताल लागिहाले । निरञ्जन दाइले पछाडि बोक्दा घाउको प्वालमा हातको औंला सजिलै पस्ने थियो । धेरै डर लाग्यो, तर आत्मविश्वास घटेको थिएन । सबै फोटो पत्रकार साथीहरू वरिपरि भएर पनि होला, मलाई त्यतिवेला नेपाली उखान पनि याद आयो, तोरीको फूल देख्ने गरी भनेको यस्तै त होला ।

सिभिल अस्पताल पुग्दासम्म मेरो मनमा धेरै कुरा खेलिरहेको थियो । घाँटीमा चोट कस्तो हो, संक्रमण कस्तो हुने हो, अपांग पो हुन्छु कि ! डराइरहँदा दिमागले झन् धेरै नै सोच्ने रहेछ । सिभिल अस्पताल बिरामीले भरिभराउ थियो । सबै स्टाफ अन्योलमा देखिन्थे, सबैको आँखामा डर-त्रास मात्र थियो । केही नर्स बेटाडिनले घाउबाट बग्ने रगत रोक्न पट्टी कस्दै थिए । बिरामीहरू यत्रतत्र भुइँमै थिए । कोहीको छातीबाट, कोहीको टाउकोबाट रगत बगिरहेको थियो । यस्तो अवस्था फिल्ममा मात्र देखिन्थ्यो ।

अस्पतालमै पुलिसले ग्यास फायर गरिरहेको थियो । केही डाक्टर आफैं घाइते भए । मेरो दुखाइ बढिरहेको थियो । डाक्टर कोही पनि आएर सोध्दैनथे । सँगै भएको साथी संजित डराइरहेको थियो । अब के गर्ने, पूरै अन्योल थियो ।


त्यहाँ उपचार नहुने भएपछि आफैं पाटन अस्पताल जान्छु भन्ने आँट आयो । जन्मदेव दाइ र संजित सँगै जाने कुरा भयो । एम्बुलेन्समा मसँगै अर्को बिरामी बोकेर हामी पाटनतिर लाग्यौं । बाहिर गेटमा आइपुग्नेबित्तिकै एम्बुलेन्स तोडफोड भयो । संजितलाई थुतेर बाहिर निकाल्यो । हामीलाई झन् धेरै डर लाग्यो । बल्लबल्ल फुत्केर पाटन पुगियो ।

पाटन पुग्दा अब मर्दिनँ भन्नेमा ढुक्क भएँ । तर, अघिल्लो आन्दोलनका घाइतेजस्तै मेरो पनि जीवन हिवलचियरमै बित्ने हो कि भन्ने डरले सतायो । उपचार हुँदै गएपछि बिस्तारै डर कम हुँदै गयो ।

अहिले सबै ठिक छ । पाटन अस्पतालको 'इएनटी' विभागका डाक्टर र नर्सप्रति धेरै आभारी छु । घाउ निको हुन केही समय पक्कै लाग्नेछ । यसको दाग भने बाँचुन्जेल हुने नै छ ।

अझै सपनामा त्यो कहालीलादो दिन देख्छु । छेउमै गोली लागेर ढलेका आन्दोलनकारी देख्छु । आशा गरौं, त्यस्तो हिंसात्मक आन्दोलन अब नहोस् ।

# थकान् बिर्साउने दुधकुण्ड



यात्रा



● सुवास भट्ट

मध्य भदौताका पनि नियमितजसो वर्षा भइरहेकै थियो । त्यसले अधिक गर्मी हुने समयमा पनि शीतल अनुभूति भइरहेको थियो । तर, कतिखेर घाम लाग्ने र पानी पर्ने टुंगो थिएन । यो भदौ मासको विशेषता नै भयो । सामान्यतया, वर्षा पूर्ण रूपमा थामिएर आकाश नीलो-सफा नहुँदासम्म अत्यावश्यकबाहेक टाढाको यात्रा नगर्नु भनिन्छ । नियमित र कहिलेकाहीं हुने अधिक वर्षाले जमिन गल्ने हुँदा बाढीपहिरोको जोखिम हुन्छ नै । तर, यो मौसमका आफ्नै सुन्दरता पनि छन् ।

आकासे वर्षा र धर्तीको मूलबाट पर्याप्त सिँचाइ पाउँदा बोटबिरुवा, वनस्पति हलक्कै हुन्छन् । उजाड जमिन हरियाली हुन जान्छ । वर्षाले हावाको शुद्धीकरण पनि गरिरहेको हुन्छ । पारखीहरूलाई यस्तो मौसम आफैं पनि उत्सव हो । तुलनात्मक रूपमा जोखिम भए पनि यस्तोमा यात्रा गर्नुको आनन्द पनि उत्तिकै छ ।

यही बर्खे यात्राको अनुभूति सँगाल्ने चाहनाबिच यसपटक हिमाली यात्रामा निस्किएँ । गन्तव्य थियो, सोलुखुम्बुको दुधकुण्ड ।

दुधकुण्डबारे धेरै थाहा थिएन । कुण्डबारे सामान्य जानकारी पाउँदा जाऊँ भन्ने मनमा लागेको थियो । जानेबारे मेसो जुरेपछि गत साता हामी त्यतातिर लागेका थियौं । तर, जतिखेर दुधकुण्ड जानेबारे योजना तय भयो, काठमाडौंमा दुई दिनदेखि नियमित वर्षा भइरहेको थियो । उपत्यकाबाहिर मधेशबाहेक अन्य प्रदेशमा पनि वर्षा निरन्तरझैं थियो । नियमित वर्षाले टाढाको यात्रामा निस्किनेबारे केही संकोच भए पनि यात्रा अघि बढाइयो ।

सबै तय भएपछि काठमाडौंबाट बिहानै सोलुखुम्बु जाने गरी तयार भएँ । साढे ५ बजे यात्राका लागि निस्किँदा पानी परिरहेकै थियो । धेरै बाक्लो पानी नपरे पनि रुझाउने खालकै थियो । तर, यात्रा अगाडिदेखि भएरहेको नियमित वर्षाले दुधकुण्ड 'ट्रेक' पनि झरीमय हुने संकेत गरिरहेको थियो । त्यसैले झरीमा ओढ्ने प्लास्टिक किनेर कोटेश्वरबाट ओखलढुंगा बजारसम्मका लागि माइक्रोबसमा चढें ।

ओखलढुंगामा सबै सहयात्री भेटिएर सोलुखुम्बुको पत्तालेमा वास बसियो । काठमाडौंमा झरीकै बिच अघि बढाएको यात्रा सोलुखुम्बु पुग्दा त झन् भारी वर्षा भइरहेको थियो । भोलिपल्ट

# साप्ताहिक राशिफल

४ असोज (शनिबार)
१० असोज (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुमा मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ । लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । साताको अन्त्यमा अनावश्यक धन खर्च हुन सक्छ । उपलब्धिमूलक यात्रा हुने योग छ । परिवारसँग नजिक रहेर काम गर्ने अवसर मिल्नेछ ।

**वृष** (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साथीभाइ या परिवारजनसँग भेटघाट हुनेछ । लामो समयदेखि रोकिएका कार्य अगाडि बढ्नेछन् । सहयोगीले काममा साथ दिनेछन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ राजनीतिक र सामाजिक क्षेत्रबाट जनताको गतिलो समर्थन पाइनेछ, तर खानपिनमा सावधानी अपनाउनुपर्नेछ । घुमघाम र मनोरञ्जनका क्रममा निराशा भोग्नुपर्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, ह)

यो हप्ता सोचपूर्वकको बोलीले कार्य सिद्ध हुन सक्छ । समाजमा कीर्तिमानी काम गर्ने समय छ । समाजको प्रगतिमा मन रमाउनेछ । नजिकको व्यक्तिबाट सहयोग मिल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग प्रविधिमार्फत भेटघाट हुनेछ । शुभ समाचार पनि सुन्न पाइएला । आफन्त वा साथीभाइले निःस्वार्थ भावले सहयोग गर्नेछन् ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

नयाँ प्रेमजीवनमा सफलता पाइनेछ । जुक्ति-बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । धनार्जनका नयाँ स्रोत पत्ता लाग्लान् । नसोचेको ठाउँबाट धनागम हुनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । पुँजीबजारको क्षेत्रमा गरेको लगानीबाट श्रीप्राप्ति हुनेछ । मनोरञ्जनात्मक क्रियाकलापमा उपस्थित हुने अवसर मिल्नेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । साताको उत्तरार्द्धमा महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुने योग छ । घरजग्गाको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । प्रेमजीवन सफल हुनेछ । आत्मविश्वास बढ्नेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ । आफन्त र मित्रजनसँग भेटघाट र रमाइलो हुने योग छ ।

**कन्या** (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

नयाँ कार्ययोजना बन्नेछ । नयाँ पदीय जिम्मेवारी पाइएला । भाग्यले विभिन्न अवसर जुराउनेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ, तर स्वास्थ्यप्रति सजगता अपनाउन जरुरी छ । साताको अन्त्यमा दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । आफन्तजनबाट भनेजस्तो सहयोग नपाइएला, तर काममा बाधा हुनेछैन ।

**तुला** (र, रि, रु, रे, रो, ता, ति, तु, ते)

शुभकार्यमा सरिक भइनेछ । शुभचिन्तकले पूर्ण समर्थन प्रदान गर्नेछन् । मनोरञ्जन क्षेत्रमा गरेको लगानीबाट बढी लाभ हुनेछ । साताका मध्यमा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला, सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । प्रेम सम्बन्धमा सुधार आउनेछ, प्रेमी-प्रेमिकाबिच सुमधुर र मिठासपूर्ण सम्बन्ध कायम हुनेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो या, यि, यु)

कुनै कुराले मनमा शान्ति छाउनेछ । राजनीतिक वा सामाजिक क्षेत्रबाट जनताको गतिलो साथ र सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रका कामबाट सफलता मिल्नेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउन सक्छ । आर्थिक कारोबारमा मन्दी पनि आउनेछ । घरपरिवारमा खुसीको वातावरण सिर्जना हुनेछ । भावनात्मक क्रियाकलापमा समय व्यतीत हुनेछ ।

**धनु** (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको सुरुमै नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । प्रेमप्रसंगमा समेत नरमाइलोपन आउनेछ । सेयरबजारको लगानीले पनि राम्रो प्रतिफल नदेला । साताको उत्तरार्द्धबाट रोकिएका काम पुनः सुरु हुन सक्छन् । साथीभाइको भेटघाटले मन प्रफुल्ल रहला । आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ ।

**मकर** (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

यो साता नयाँ ज्ञान सिकिने र नयाँ कामको थालनी हुनेछ । मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । सामाजिक संस्थाबाट सहयोग मिल्नेछ । शुभकार्यको योग पनि छ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ । आकस्मिक रूपमा स्वास्थ्यमा समस्यासमेत आउन सक्ने योग रहेको छ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, द)

पुनर्मिलनको योग छ । सफलताको सम्भावनालाई नकार्न सकिँदैन । समयको सही सदुपयोग पनि हुनेछ । वैदेशिक वा कूटनीतिक नियोगको काम अघि बढ्नेछ । प्रेम प्रस्तावसमेत प्राप्त हुन सक्छ । आफन्तको सहयोग प्राप्त हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । साथै, अकस्मात् धनसम्पत्ति हात पर्नेछ । पारिवारिक आवश्यकता पूर्तिका लागि खट्नुपर्नेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भबाटै रोकिएका काम पुनः सुचारु हुनेछन् । कृषि र घरायसी काम अघि बढ्नेछ । पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रसँग पनि मेलमिलाप हुनेछ । सामाजिक संस्थाबाट सहयोग पनि पाइनेछ । सेयरबजारले पनि सकारात्मक प्रतिफल दिलाउनुका साथै नयाँ लगानी गर्नेका लागि शुभ हुनेछ । समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ ।


स्वास्थ्य



● डिबी सुनुवार
प्राकृतिक चिकित्सक

माछाबाट टोकाएर गरिने थेरापीलाई 'फिस थेरापी' भनिन्छ । यस किसिमको प्राकृतिक थेरापीलाई 'इचथ्यो थेरापी'को नामले पनि चिनिन्छ । यो थेरापी जापान र कोरियाबाट सुरु भएको हो । माछाबाट टोकाएर गरिने थेरापी थाइल्यान्ड, मलेसिया, इन्डोनेसियाजस्ता मुलुकमा पनि प्रसिद्ध छ । युरोप, अमेरिकाजस्ता मुलुकमा पनि यसलाई खुट्टाको नङ सफा गर्ने 'फिस पेडिक्योर' थेरापीको रूपमा प्रयोग गरेको पाइन्छ ।

'फिस थेरापी' व्यक्ति स्वस्थ, फिट तथा सुन्दर रहन प्रयोग गरिन्छ । नेपालमा पनि प्राकृतिक किसिमको यो थेरापी करिब सात वर्षअघि भित्रिएको छ । विशेषगरी, स्पा, फिटनेस क्लब, होटेल तथा प्राकृतिक चिकित्सालयमा यस्तो थेरापीको प्रयोग गरिन्छ । काठमाडौं, पोखराजस्ता मुख्य सहरमा 'फिस थेरापी'को प्रयोग बढ्न थालेको छ ।







सबैरै पत्तालेबाट सल्लेरी अनि फाप्लु हुँदै फेरा, रिङमुबाट अघि बढ्यौं । यो बिचमा उर्लेको सङ्लो सोलुखोला मनमोहक लाग्थ्यो । खोला-किनारमा झपक्कै फलेका राता घुँगरुको स्वाद लिँदै यात्रामा अघि बढ्यौं । बिहान करिब १० बजेतिर टाक्सिन्दु-ला पुगियो । यो तीन हजार एक सय मिटर उचाइमा छ । दुधकुण्ड जाने मोटरबाटोको अन्तिम विन्दु हो यो । यसपछि पैदल हिँड्नुपर्छ ।

## ■ दुधकुण्डतर्फको पैदल यात्रा

टाक्सिन्दुमा खाना खाइवरी सबा ११ बजेतिर हामी दुधकुण्डतर्फ अघि बढ्यौं । टाक्सिन्दुबाट करिब एक घण्टा जंगलको तेर्सो बाटो हिँडेपछि फेरि पानी पर्न सुरु भयो । धन्न सबैले 'रेनकोट' बोकिएको थियो र ! घना जंगलका बिच झरीमा यात्रा अघि बढाइयो । केरुडपाटीबाट नाकै ठोकिने ठाडो उकालो लाग्यौं । सरकारीपाटी हुँदै दिउँसोको ३ बजे कामुडाँडा पुगियो । यो तीन हजार आठ सय ८० मिटरको उचाइमा छ । यहाँबाट सगरमाथा छ्याँगै देखिने भएकाले यसलाई 'एभरेस्ट भ्यु प्वाइन्ट' मार्निदोरहेछ । तर, झरी र बाक्लो हुस्सुका कारण हामीले भने केही देख्नै पाएनौं । त्यहाँ १५ मिनेटपछि आराम गरेर अघि बढियो । अब हामी पुग्नुपर्ने थियो, दुधकुण्ड आधारशिविर ।

कामुडाँडाबाट ओरालो-उकालो गर्दै झ्याम्ले खोला हुँदै सानोबेनी पुगियो । बिचमा गुराँसको बाक्लो जंगल, नागबेली खोला-झरना र घाँसेफूलले यात्रामा मिठास दिइरहेको थियो । सानोबेनी पुग्दा करिब पाँच बजिसकेको थियो, झरी र कुहिरोका बिच अँध्यारो पनि हुँदै गइरहेको थियो । सानोबेनीको अलिसम्म परेको ठाउँमा केही चौरीगोठ थिए, चौरीहरू चरिरहेका थिए । त्यहाँबाट सहस्रबेनी पुग्नु थियो ।

देख्नलाई नजिकै देखिए पनि हिँड्न समय लाग्ने । उचाइको यो विशेषता नै हो कि नजिकै देखिएको उकालो यात्रा गर्न पनि घण्टौं लाग्छ । झरीले बाटोभरि पानीको भल बगिरहेकै थियो । करिब सबा ६ बजेतिर हामी सहस्रबेनी पुग्यौं । जहाँ हाम्रा लागि होटेल पहिले नै तय गरिएको थियो । यो करिब तीन हजार आठ सय ५० मिटर उचाइमा छ ।

सहस्रबेनीमा वास बसेपछि भोलिपल्ट हामी दुधकुण्ड पुग्ने गरी हिँड्यौं । बिहानै साढे ३ बजेदेखि नै दुधकुण्डतर्फ जाने तयारीमा लाग्यौं । र, चार बजे यात्रा अघि बढायौं ।

दुधकुण्ड जाने दिन पानी नपरिदिएहुन्थ्यो भन्ने हाम्रो कामना थियो । तर, बिहान ४ बजे तयारी गरेर यात्रा अघि बढाउन लाग्दा त व्यापक पानी परिरहँदा केही निराश भए पनि रेनकोट ओढेर गन्तव्यतर्फ लाग्यौं । मोबाइलको टर्च बालेर दुधकुण्डतर्फ अघि बढ्यौं ।

करिब एक घण्टा टर्चको उज्यालोमा हिँड्यौं । दुधकुण्डबाट बहेर आएको स्फटिकसमान हिमच्छादित खोलाको छडछड आवाजले यात्रालाई संगीतमय बनायो । खोलाको तिरतिरै ठाडो उकालो हिँड्नुपर्ने थियो । झरी र उकालोका बिच यात्रा कठिन भए पनि भिरमा फुलेका रंगीचंगी घाँसेफुलले मन भुलाइरहेको थियो । पाखाभरि फुलेका रातो, नीलो, सेतो, पहेँलो, गुलाबी, बैजनीलगायत विभिन्न रंगका फूल मनै प्रफुल्ल बनाउने थिए ।

## ■ दुधकुण्डको महक

दुधकुण्ड पुग्नुअघि बाटोमै अन्य तीन-चारवटा तालको अवलोकन गर्दै अघि बढ्यौं । तीन घण्टामा नै दुधकुण्ड पुगियो । चार हजार ६ सय मिटरमा अवस्थित यो ताल यात्राको हाम्रो अन्तिम गन्तव्य थियो । छ्याङ्ग खुलेको कुण्डले यात्राका तमाम थकान बिर्साइदियो । उत्तर र पूर्वका हिमाल र पहाडबाट झरेका हिउँ र पानीले ताल भरिएको छ । हिउँ पग्लेर र मूलबाट आएको शुद्ध दुधझैं पानी भएरै दुधकुण्ड नामांकन भएको अनुभूति हुन्छ । भलै, यससँग जोडिएका अनेकौं किंवदन्ती किन नहोऊन् । कुण्डको दक्षिण-पश्चिमतर्फ पनि अरू ताल देखिए । यसले दुधकुण्डवरिपरि झन्डै दर्जनजति कुण्ड देख्न सकिन्छ ।

यात्राभर पानी परिरहे र हुस्सु लागिर पनि कुण्ड पुग्दा भने पानी थामिएर मौसम सफा भयो । घामको न्यायो अनुभूति गर्‍यौं । यात्रामा निरन्तरको झरी र मौसमी प्रतिकूलताले यस्तो होला भन्ने कल्पनै थिएन । कुण्डमा पुग्दाको मौसमी सुलभताले भाग्यमानी भएको महसुस दिलायो । मौसमी सहजता भएपछि करिब दुई घण्टा हामीले दुधकुण्डमै बितायौं ।

जनैपूर्णिमामा दुधकुण्डमा विशेष मेला लाग्छ । यो हिन्दु र बौद्धहरूको साझा तीर्थस्थल हो । जनैपूर्णिमामा यहाँ आउने तीर्थयात्रीका लागि स्थानीय तहले नै आवासलगायतको आधारभूत व्यवस्थापन गरिदिनेरहेछ । दुधकुण्ड बढी तीर्थस्थलका रूपमा परिचित स्थल हो । त्यसैले जनैपूर्णिमाबाहेकका अरू समयमा भने त्यति धेरै मानिसको आउजाउ देखिँदैन ।

## ■ झरीदेखि झरीसम्मको यात्रा

हाम्रो दुधकुण्ड यात्रा झन्डै पूरा अवधिभर नै झरीमय भयो । यात्रामा पाइला चाल्दादेखिकै झरी करिब अन्त्यसम्म नै जारी रह्यो । यात्रा अवधिभर रेनकोट खोलेर फुक्काफाल हिँड्ने अवस्था थिएन । पानी र बाक्लो हुस्सुले चिसोपन पनि बढाइरहेको थियो ।

तर, एउटा फाइदा के भयो भने वर्षाले यात्रालाई छोट्याउन भने मद्दत गर्‍यो । परिणामस्वरूप केही कठिनता भए पनि हामी तीन हजार आठ सय ५० मिटरको उचाइबाट चार हजार ६ सय उचाइको दुधकुण्ड पुगिवरि त्यसै दिन तीन हजार एक सय मिटरको टाक्सिन्दु-लामा झर्न सम्भव भयो । चौथो दिन हामीले यात्रालाई बिट मार्‍यौं ।

घाम लागेको भए सायदै यात्रा यति चाँडो पूरा हुन्थ्यो । वर्षाले सामान्य असहज भए पनि यात्रालाई शीतल बनाइदियो ।

दुधकुण्डको यात्रा बाटोघाटोको हिसाबले सामान्य अवस्थामा धेरै असहज छैन । तर, आवास व्यवस्थापनका लागि त्यति सहज पनि रहेनछ । लामो दूरीका बिचमा ओत लाग्ने सामान्य पाटी पनि देखिँदैन । बिचबिचमा होटेल खुले पनि पर्याप्त छैन । सामान्य पानी पर्दा पनि बगिहाल्ने बाटो र सडकको अवस्था भने सुधार्नुपर्ने देखिन्छ । यसका बाबजुद पनि दुधकुण्डको यात्राले दिव्य अनुभूति दिलायो ।

# विद्यार्थीसँग पानीमुहानदेखि सुन्दरीजल पुग्दा

**हाइकिङः**



● हरिशरण खनाल



**यो रुट पदयात्रा, साइक्लिङ र बाइकिङका लागि रोमाञ्चक रहेछ । हिँड्न नसक्नेले पनि सजिलै पार गर्न सक्ने यो हाइकिङ रुट काठमाडौंलाई नजिकबाट नियाल्न चाहनेका लागि उपयुक्त गन्तव्य बन्न सक्छ ।**

कचौरा आकारको काठमाडौं उपत्यका हाइकिङप्रेमीका लागि भूस्वर्ग नै हो भन्दा अत्युक्ति नहोला । काठमाडौं उपत्यकाका बस्ती छाडेर कुनै पनि कुनाबाट डाँडातिर उक्लिनासाथ भेटिन्छन्, गज्जबका 'हाइकिङ रुट' । जसको जति हिँड्ने क्षमता छ, उसले त्यसैअनुरूपका रुट पछ्याउन सक्छ । उपत्यकाभित्रका सहर जतिजति कछाड क्षेत्रतिर फैलिँदै छन्, त्यतित्यति सुविधासम्पन्न सडक मार्गले प्रत्येक डाँडाका फेदी र अधिकांश डाँडाका टुप्पालाई एक-अर्कासित जोडेका छन् । हाइकिङबाहेक साइक्लिङ र बाइकिङका लागि पनि उपत्यकावरिपरिका डाँडाकाँडा निकै चल्तीमा छन् ।

डाँडाकाँडामा गरिने हाइकिङ यसै पनि रोमाञ्चक हुन्छ । झन् हरिया रुखबिरुवा, सिमसिमे झरी, छिनछिनमै आफूलाई घुम्टो ओढाउन आइपुग्ने कुहिरो, प्रत्येक खोल्साखोल्सीमा भेटिने अनेक 'साइज'का झरना, पदयात्राभरि गुन्जिरहने झ्याउँकिरीको झ्याइँझ्याइँ र पक्षीहरूको कलरव तथा जुकाको आक्रमणले बर्खे हाइकिङलाई थप रोमाञ्चक बनाउँछन् । झन् त्यसमाथि प्रश्न सोधिरहने, भनेको खासै नटर्ने, बालसुलभ उटपट्याङ गरिरहनुपर्ने, कहिले दौडिएर हैरान पार्ने, कहिले नहिँडिदिएर दिक्क लाउने, मसिनो जुका खुट्टामा चढ्यो भने पनि बाघले झम्टेजस्तो कोलाहल मच्चाउने, बेसुरा गीत गुनगुनाइरहने, बिन्दास भएर नाच्दै हिँड्ने, खोल्साखोल्सी र झरना देख्नासाथ डुबुल्की लगाइहाल्नुपर्ने स्कुले विद्यार्थी हाइकिङका सहयात्री भएपछि त के चाहियो र ? सिर्तैको मनोरञ्जन खोज्न अन्त जानैपर्दैन ।

२१ भदौको बिहान जेन-जीको तुफानी विद्रोहको दुई दिनअघि रातभरिको मुसलधारे वर्षाले काठमाडौं निश्चुक्क रुझेको छ । कुमारीगालस्थित मोक्षदा स्कुलका ४० जना विद्यार्थी र पाँचजना शिक्षक-शिक्षिकाको टोली लिएर बुढानीलकण्ठस्थित शिवपुरी राष्ट्रिय निकुञ्जको प्रवेशद्वार पानीमुहान पुग्दा आकाश चुहिएलाझैं देखिँदै थियो । काउन्टरबाट टिकट लिएर सेनाका जवानलाई झोला चेकजाँच गराइसक्दा लगभग ८ बजेको हुँदो हो । शनिबार भएकाले होला, टिकट लिने मानिसहरू बाक्लै देखिन्थे । तर, मूल गेटबाट भित्र छिरेपछि भने सबैका गन्तव्य फरक-फरक थिए । कोही विष्णुद्वार, कोही डाँडागाउँ, कोही गुर्जे भञ्ज्याङ, कोही बागद्वार, कोही शिवपुरी, कोही सूर्यचौरतिर लम्किए भने हामीचाहिं लाग्यौं सुन्दरीजलतिर । जेन-जी विद्रोहसँगै आफ्नो सत्ता र महल छाडेर भागेका नेतालाई सेनाले 'सुरक्षित' राखेको शिवपुरी ब्यारेकसँगैको मोटरबाटो हुँदै नागी गुम्बामुनि पुगुन्जेल सडक हल्का उकालिँदै थियो । खरायोजस्ता विद्यार्थीलाई रोक्दै र कछुवाजस्ता विद्यार्थीलाई पर्खिँदै, खोल्साखोल्सीमा पलाएका मूलको पानी पिउँदै साथमा लगेका सुक्खा खानेकुराको स्वाद लिँदै हाम्रो जम्बो टोली हिँडिरह्यो । सायद पढेनन् भनेर अभिभावकको कचकच सुन्न पनि नपर्ने र अघिपछि पढपढ भनेर कराइरहने शिक्षकशिक्षिकासित जिस्किँदै, खेल्दै, रमाउँदै यात्रा गर्न पाउने भएर होला, हाइकिङका सहयात्री विद्यार्थी बाटाका दायाँबायाँ फुलेका बर्खे फूलझैं ढकमक्क फुलेझैं देखिन्थे । हामी हिँडिरहेको सडकलाई दायाँबायाँका रुखले ढपक्कै ढाकिदिएका थिए भने काठमाडौं उपत्यकाचाहिँ बाक्लो कुहिरोको घुम्टोभित्र लुकिरहेको थियो । खोल्साखोल्सीको सुसाहट, झरनाको छडछड र झ्याउँकिरीको संगीतसँगै हाम्रा पाइला फटाफट अघि बढिरहे । प्रवेशविन्दु पानीमुहान हामीबाट निकै टाढा छुटिसकेको थियो भने हाम्रो अन्तिम गन्तव्य सुन्दरीजल क्रमशः नजिकिँदै थियो, सायद ।

बाटामा भेटिएको चेकपोस्टका सैनिकलाई प्रवेश टिकट देखाएर हाम्रो विवरण 'इन्ट्री' गराउँदै गर्दा थाहा भयो, हामी तारेभिर पुगिसकेका रहेछौं । थोरै अगाडि रहेछ तारेभिर गाउँ । गोकर्णेश्वर नगरपालिकाभित्र पर्ने तारेभिर जंगलभित्र लुकेको शान्त गाउँ भए पनि यहाँ ठुल्ठुला होटेल र रिसोर्टको संख्या थपिने क्रममा रहेछ । आन्तरिक र बाह्य पर्यटकलाई स्वागत गर्न तम्तयार भएर बसेको रहेछ तारेभिर । यहाँसम्म पुग्दा काठमाडौं उपत्यकाले कुहिरोको घुम्टो हटाइसकेको हुनाले बौद्धनाथ, गोकर्णेश्वर महादेव, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, धरहरासहित काठमाडौं, भक्तपुर र ललितपुरका धेरै भूभाग एकसाथ हेर्न पाउँदा मखलेल देखिन्थ्यो हाम्रो टोली । कति त त्यहींबाट आफ्नो घर, मामाघर या स्कुल कता पर्छ भनेर औंलाले देखाइरहेका थिए । सायद यही खुसीको रन्कोले होला, तिनले आफ्ना खुट्टामा जुकाले आक्रमण गरेको पनि चाल पाउन छाडिसकेका थिए । कति जुकाले त पेट भरेर आफ्नो बाटो तताइसकेको निकै पछि मात्र पत्तो पाइरहेका थिए तिनले ।

यहाँ पुग्दा सहरको आयतन जति फैलिंदो छ, काठमाडौं उपत्यका भने झन्झन् साँघुरिँदै, खुम्चिँदै र डल्लिँदै गएको आभास भयो । खोइ फैलँदो सहरमा खाली स्थान ? खोइ बालबालिकालाई खेल्ने खुला मैदान, खोइ हरिया बोटबिरुवा रोप्ने खाली जमिन ? यता हेऱ्यो घरैघर, उता हेऱ्यो घरैघर ! कुनैवेला प्रशस्त अन्न, तरकारी, फलफूल उब्जने फराकिला उर्वर फाँटमा घर मात्र उमार्न प्रतिस्पर्धा गरिरहेको छ सहरले । पहिलापहिला रोपनी रोपनीबिच प्रतिस्पर्धा गर्ने सहर अहिलेको फैलावटसँगै आना, पैसा र दामको प्रतिस्पर्धामा झरेको छ । घरैघरको खाँदाखाँदमा उकुसमुकुसको निसास्सिँदो अवस्थामा छ सहर । तैपनि, यही उकुसमुकुस र कोलाहलबिच पनि धन्न सास भने फेरिरहेको छ सहरले ! धन्न यही निसास्सिँदो सहरमा आफूलाई जिउँदो राखेको छ मान्छेले !

मौसमले राम्रै साथ दिइरहेको थियो हामीलाई । न पानी परिरहेको थियो, न घाम नै लागिरहेको थियो । तर, अघिल्लो रातको मुसलधारे वर्षाले गर्दा बाटामा कतै टुसुक्क बसेर खाजा खाने ठाउँ पनि थिएन । जहाँ रोकियो, त्यहीं जुकाको आक्रमण सुरु भइहाल्थ्यो । मोटरबाटो नाम मात्रको थियो । बर्खाको भेलले खोलेर मोटर गुड्नलायक छाडेको थिएन । साइकल र मोटरसाइकल भने हुइँकिइरहेका भेटिन्थे वेलावेला । सडक नामको यो बाटो चिप्लो पनि उस्तै थियो । कैयौं स्थानमा त पिँडुलासम्म भासिने गरी दबदबे हिलो थियो, नाघेर पार गर्ने सकस पर्ने । कतिपय विद्यार्थीले त चिप्लेर कैयौंपटक माछा मारिसकेका थिए । तारेभिरको पल्लाछेउ पुगेपछि एक स्थानमा जसोतसो बसेर हामी सबैले घरबाटै बोकेको खाजाले पेट भर्‍यौं ।

दायाँबायाँ जंगलमा कटुस, सल्लो, उत्तिस, लालिगुराँसलगायत अनेक नामका रुख देखिन्थे । लालिगुराँस फुल्ने सिजन नभएकाले बोट चिनेपछि फूल देख्न नपाउँदा विद्यार्थी खिन्न देखिए । बाटोका दायाँबायाँ भकिम्लोका बोटमा फूल खेलिरहेको देखिन्थ्यो । अलि पछि जाने हो भने भकिम्लोको स्वाद पनि लिन पाइने रहेछ । बाटाका दायाँबायाँ सिस्नो र ऐँसेलुका काँडाले पनि वेलावेलामा विद्यार्थीलाई 'माया' गरिरहेका थिए । चैत-वैशाखमा यस रुटको यात्रा गर्ने हो भने मनग्य ऐँसेलु खान पाइने रहेछ । विद्यार्थीहरू हरेक रुख देखाउँदै नाम सोधिरहेका थिए । आफूले तिनलाई नचिनेर कैयौंको नाम बताउन नपाउँदा खल्लो लाग्यो । बिहान पानीमुहानबाट हिँडेदेखि नै अब कति घण्टा लाग्छ भनेर सोध्न थालेका विद्यार्थीले अझै सोध्न छाडेका पनि थिएनन्, पहिलो यात्रा भएकाले सुन्दरीजल कति टाढा छ भन्ने आफूलाई पत्तो पनि थिएन । जति हिँड्यो, जंगलको एकपछि अर्को पत्र उघ्रिरहेका थिए । हामी बिस्तारै गन्तव्यतिर लम्किरहेका थियौं । बाटामा भेटियो एउटा मज्जाको खोला । कञ्चन पानी, पानीभित्रका सबै ढुंगा प्रस्टै देखिने, 'क्रिस्टल क्लियर' ! अहिलेसम्म बाटाका झरना र खोल्साखोल्सीमा जति खेले पनि जुत्तामोजा खोलेर पानीमै पस्न भने पाएका थिएनन् विद्यार्थीले । यहाँचाहिँ पानीमा पस्ने अनुमति पाएपछि ती कम्ती रमाएनन् । सहरमा अड्कलेको पानीले गुजारा चलाइरहेका विद्यार्थी कलकल बगिरहेको यति कञ्चन पानी पाएपछि नरमाऊन् पनि किन ? फागु बिर्साउने गरी एक-अर्कामा पानी छ्यापाछ्याप गरेर रमाइरहेका उनीहरूलाई पानीबाट बाहिर निकाल्नै हम्मे पऱ्यो ।

कतै हिलोमा चिप्लिँदै, कतै एक-अर्कालाई त कतै अभिभावकलाई फोन गरेर 'प्र्याक' गर्दै अघि बढेको टोलीले सुन्दरीजल-चिसोपानी सडकमा पुगेपछि अर्को मज्जाको झरना भेट्यो । सडककै कुनामा रहेको सुरक्षित झरना देखेपछि यहाँ भने धित मर्ने गरी लगाएका लुगैसमेत नुहाए । नाच्ने, गाउने, फोटो, भिडियो खिच्ने र टिकटक बनाउने गरेर यहाँ पनि लामै समय बिताएपछि टोली चिसै लुगामा अघि बढ्यो । यहाँबाट सुन्दरीजल खासै टाढा रहेनछ । एकैछिनमा सुन्दरीजलस्थित बाँधमा पुगियो, जहाँबाट ल्याइएको पानीले काठमाडौंले राणाकालदेखि नै तिर्खा मेट्दै आएको छ । फर्किंदा बाटामा भेटिएको स्यालमतीको झरना र उर्लंदो बागमतीको मोहकताले ओरालोमा गलेका सबैको थकान छुमन्तर गरिदियो ।

बिहान पानीमुहानबाट ८ बजे सुरु भएको हाम्रो यात्रा आठ घण्टापछि ४ बजेतिर सुन्दरीजल बसपार्कमा पर्खिरहेको स्कुल बसमा पुगेर टुंगियो । यो रुट पदयात्रा, साइक्लिङ र बाइकिङका लागि सारै रोमाञ्चक रहेछ । हिँड्न नसक्नेले पनि सजिलै पार गर्न सक्ने यो हाइकिङ रुट काठमाडौंलाई नजिकबाट नियाल्न चाहनेका लागि उपयुक्त गन्तव्य बन्न सक्छ ।



# स्वस्थ रहन फिस थेरापी

माछाबाट टोकाएर गरिने थेरापीका लागि ससाना भुरा माछाको प्रयोग गरिन्छ । नुहाउन मिल्ने किसिमका बाथटबजस्ता सिसाका अक्वारि यममा माछालाई राखिन्छ । एउटा अक्वारियममा करिब सयवटा माछा राखिन्छ । हातका औंलाभन्दा साना भुरा माछा राखिन्छ । अक्वारियममा विशेषगरी 'गारा रुफा' प्रजातिका माछा राखिन्छ । यो माछा 'द डक्टर फिस'का नामले पनि चिनिन्छ । यस्ता जातका माछा थाइल्यान्ड, कोरियाजस्ता मुलुकमा पाइन्छ । अहिले भने विस्तारित भएर संसारका धेरै मुलुकमा पाइन्छ । माछा राख्ने अक्वारियममा माछालाई सहजताका लागि अक्सिजनको प्रयोग गरिन्छ ।

अक्वारियममा माछा राखेपछि घुँडाभन्दा तलको भाग अक्वारि यमको पानीमा डुब्ने गरी राखिन्छ । त्यसपछि पानीमा राखिएको खुट्टाको छाला माछाले टोक्न थाल्छ । विशेषगरी कुर्कुच्चाको तल्लो भाग र नङको कापमा टोक्छ । यसरी टोक्दा सियोले घोचेजस्तै घोच्छ । त्यसरी टोक्दा अकुपन्चरको काम पनि हुन्छ । 'गारा रुफा' जातकै माछालाई टोकाउनुको कारण, यो माछाले खुट्टाका मृत छालाका कोष आहाराका रूपमा खान्छन् । मृत कोष कमलो हुने भएकाले यही कोषमा नै माछाको बढी ध्यान जान्छ । सामान्यतः थेरापीका लागि प्रयोग गरिन्छ । माछाले सक्रिय कोष खाँदैनन् । यसरी मृत कोष माछाले खाँदा खुट्टामा नयाँ कोष तथा मांसपेशीको उत्पादन हुन्छ, जसका कारण शिरदेखि पाउसम्म रक्तप्रवाह सहज रूपमा हुन्छ । यसरी सहज रूपमा रक्तप्रवाह खुट्टासम्म हुँदा खुट्टाको भाग मजबुत बन्न पुग्छ । खुट्टा मजबुत बन्ने भएकाले सहजै खुट्टा मर्किने, सङ्किने तथा बाथको समस्याबाट समेत बच्न सकिन्छ । खुट्टा मजबुत हुँदा चिसोको असरबाट समेत बच्न सकिन्छ ।

## सुन्दरताका लागि थेरापी

सुन्दरताका लागि पनि यो थेरापी अत्यन्तै प्रख्यात छ । यो थेरापीलाई मालिस तथा पेडिक्योरका रूपमा समेत प्रयोग गरिन्छ । माछाले खुट्टाका मृत मांसपेशी खाँदा खुट्टा सफा र सुन्दर हुन्छन् । विशेषगरी, सुविधासम्पन्न मुलुकमा महिलाले यो थेरापी खुट्टाको सुन्दरताका लागि गर्ने चलन छ । सुरुसुरुमा यस किसिमको फिस थेरापी गराउँदा काउकुति पनि लाग्छ । तर, केही मिनेटपछि शरीरलाई बानी पर्छ । हल्का सियोले खोपेजस्तो दुख्न सक्छ । तर, यसरी खोप्दा नकारात्मक असर भने पर्दैन । पुरुषको तुलनामा महिलाले नै यो थेरापीको सेवा बढी लिएको देखिन्छ । छालालाई धक्का दिई ठुँम्ने भएकाले छालामा हल्का दबाब पर्छ, जसले मालिसको काम गर्छ ।

प्रस्तुति : **पवन बराइली**

# झ्याप्पै !



रवि मिश्र
@rabimishra



# जेन–जी आन्दोलनको समाजशास्त्र

जेन-जीको विशेषता भनेको कोठाकोठामा सामाजिक सञ्जालको माध्यमबाट समाचार पुऱ्याउने र कोठाकोठाबाट परिवारलाई थाहै नदिई निस्कने हो । यस्तो आन्दोलनलाई राज्यले कम आँक्यो ।




नयाँ पुस्ता



● प्रकाश राई
समाजशास्त्री

*२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाउनेको संख्या ७३ पुगिसकेको छ । २८ वर्षमुनिका युवाले गरेको यो आन्दोलनको आधार के हो ? किन उनीहरूमा यति धेरै आक्रोश ? यो आन्दोलनबाट नेपाली समाजले के सिक्ने ? भक्तपुर बहुमुखी क्याम्पसमा अध्यापनरत समाजशास्त्री **प्रकाश राई**सँग शान्ति तामाङले गरेको कुराकानी :*

जेन-जी डिजिटल्ली 'ओभर सोसलाइज्ड' पुस्ता हो । उनीहरू अन्तर्क्रिया, सामाजिकीकरण, सिक्ने प्रक्रियालगायत सामाजिक सञ्जालमा निर्भर छन् । यो पुस्ता पहिलेको पुस्ताभन्दा फरक छ । उसले बोल्ने तरिका र मैले बोल्ने तरिका, उसको लवाइखुवाइ र मेरो लवाइखुवाइ, उसको सोच्ने तरिका र मेरो सोच्ने तरिका, उसको चाहना र मेरो चाहना, उसको अपेक्षा र मेरो अपेक्षा फरक छ । यो जेनेरेसन ग्याप मात्र होइन, बौद्धिक ग्याप पनि हो । उमेर मात्र होइन, सामाजिकीकरणको ग्याप पनि हो । यो पुस्ताले हिजोको पुरातन प्रणालीलाई विश्वास गर्दैन । किनभने, हिजोको प्रणालीले उनीहरूको चाहना, अपेक्षा, जेन-जी अस्तित्व, पहिचानलाई समावेश गर्नै सक्दैन । उनीहरू जे चाहन्छ, अहिलेको पुरातन प्रद्धतिले त्यसलाई वैध मान्दैन ।

यो पुस्ता 'ग्लोबल भिलेज'मा बाँचेको पुस्ता हो । उसले आफ्नै कोठाबाट, अमेरिका, जापान, बेलायतलगायतको विकास देखेको छ । ती देशका राम्रो कुरा मात्र देखेको छ । तर, डिजिटल्ली मात्र देखेको छ । त्यसपछि उसले ती विकसित देश र नेपालको विकासबिच तुलना गर्छ । विकसित देशमा प्लेन दुर्घटना हुँदा मन्त्रीले नैतिकताको आधारमा राजीनामा दिन्छ । हाम्रोमा मन्त्रीको गाडीले बालिकालाई ठक्कर दिँदा सामान्यीकरण गरिन्छ । त्यस्तो गम्भीर घटनालाई प्रधानमन्त्रीले सामान्य घटना भन्दै सार्वजनिक कार्यक्रममा अभिव्यक्ति दिन्छन् । त्यो ठक्कर खाने बालिकाको अस्तित्व, पहिचानलाई यो पुस्ताले कसरी सोच्ने ? त्यो बालिकाको मनमा कति रिस होला ? त्यो रिस, त्यो बालिकाको एक्लो रिस होइन, त्यस्तै धेरै रिस वर्षौंदेखि थुप्रिँदै आएको छ ।

जेन-जीलाई के लागेको छ भने, 'राज्यको संयन्त्र स्वायत्त, स्वतन्त्र र निर्भीक ढंगले काम गरिरहेको छैन ।' उनीहरूलाई राज्यको संयन्त्रले आफ्ना अपेक्षालाई समावेश गर्छ भन्नेमा विश्वास पनि छैन । त्यो विश्वास नहुनुको कारण, राज्य संयन्त्र त्यसरी नै विकसित हुँदै गए । ती संयन्त्र अत्यन्तै पार्टीकरण भएको छ । ती संयन्त्रले स्वतन्त्र ढंगले काम गर्न सकेका छैनन् । त्यसैले राज्यका संयन्त्र एकदमै कमजोर भएका छन् । पार्टीको नेताले त्यसलाई आफ्नो संस्थाको रूपमा प्रयोग गर्न खोजिरहेका छन् । हाम्रो सुरक्षा निकाय, कर्मचारीतन्त्र लगायतमा पनि त्यसरी नै चलिरहेको छ । त्यसैले जेन-जीलाई त्यसप्रति विश्वास हरायो । मान्छे निराशा भयो भन्छन्, यो निराशा होइन, आक्रोशित भएका हुन् । हाम्रो जेन-जी एकदमै आक्रोशित छन् । त्यो आक्रोश नेपालको मात्र होइन ।

## ■ विश्वभर नै जेन-जी आन्दोलन

सन् २०२० अमेरिकामा अफ्रिकी अमेरिकी समुदायका जर्ज फ्लोयडको प्रहरीले नियन्त्रणमा लिने क्रममा मृत्यु भएपछि अमेरिकालगायत विश्वका विभिन्न स्थानमा रंगभेदविरुद्ध 'ब्ल्याक लाइभ्स म्याटर' प्रदर्शन भयो । यस्तो माइक्रो प्रदर्शन पहिलेदेखि नै चलिआएको हो । दक्षिण एसियाकै बंगलादेश, श्रीलंकामा पनि यस्तै स्वरूप देखियो । नेपालमा केही समयअघि 'ह्यास् ट्याग जस्टिस फर निर्मला' भन्ने अभियान चल्यो । त्यो अभियान जेन-जी क्याम्पियन थियो । मिटु अभियान पनि जेन-जी क्याम्पियन हो । नेपालमा मात्र होइन, यस्तो क्याम्पियन विश्वभर चल्यो । हाम्रो राज्यले यस्ता माइक्रो प्रदर्शनलाई हलुका रूपमा लिए । उनीहरूले माइक्रो प्रदर्शन, डिजिटल प्रदर्शन वा यस्तो प्रदर्शनचाहिँ जीवित रहनका लागि गरेको रणनीति हो भन्ने राज्यले बुझ्दै बुझ्न । जेन-जीहरूको सामाजिक सञ्जाललाई प्रयोग गरेर गरिएको प्रदर्शन 'सरभाइभिङ रणनीति' हो । जेन-जी भन्ने पहिचान उमेर समूहमा बनेको पहिचान हो । बाँच्नका लागि रणनीति बनाउँदै गर्दा त्यसैलाई सरकारले बन्द गरिदियो । आक्रोश पोख्ने, खुसी व्यक्त गर्ने ठाउँ जब रोकिदियो । यो त जेन-जीको मृत्युबराबर भयो । मृत्यु अगाडि देखेपछि आफ्नो लागि जो पनि भिड्छ । हो, त्यस्तै भयो ।

## ■ असमान सामाजिक, राजनीति र आर्थिक संरचना

यो आन्दोलन नेपालमा मात्र चलेको होइन, नेपालमा रहिरहने आन्दोलन पनि होइन । विश्वभर चल्दै आएको आन्दोलन हो । यो समाजमा सतहमा देखिने आन्दोलन हो । यस्तो जन्माउने भूमि अर्कै छ । यसको भूमि हाम्रो सामाजिक, राजनीति र आर्थिक संरचना हो । हाम्रो आर्थिक संरचनाले समाजमा असमानताको खाडल पुर्न नसकिने गरी बढाएको छ । त्यो खाडल बढेको कारण 'नेपो बेबी ट्रेन्ड्स' देखियो । यो आन्दोलनलाई ठुलो पार्न 'नेपो बेबी ट्रेन्ड्स'ले पनि सहयोग गऱ्यो । आममान्छेको थालमा सीता नहुने, केही मान्छे चाँदीको थालमा खाने, पाँचतारे होटेलमा रमाउने देखेपछि आक्रोश बढ्यो । हाम्रो आर्थिक संरचनाको एउटा रूप बिचौलिया अर्थतन्त्र हो, यसले 'नेपो बेबी ट्रेन्ड्स' जन्माउँछ । आममान्छे आर्थिक बहिष्करणमा पर्छ । आमजेन-जीले भविष्य पनि देख्दैन । वर्तमान पनि भताभुंग देख्छ । अनि आन्दोलित हुन्छ ।

जेन-जीमा जतिपटक निर्वाचन भए पनि उही मान्छे आउने हो, यसले कहिले विकास गर्दैन, हाम्रो भविष्य कहिले पनि बनाउँदैन भन्ने गढेको छ । माओवादी आन्दोलनपछिका उनीहरूले नेपालमा मुक्तिको लडाइँको अलि-अलि कथा सुनेको छ । सबैको अधिकार समान हो भन्ने कथा सुनेको छ । त्यो कथा सुनेर हुर्किएको पुस्ताको अहिलेको राजनीतिक प्रणालीले कुनै पनि अपेक्षा पूरा गरेन । हाम्रो राजनीतिलाई निश्चित कुलीन वर्गले कब्जामा राखेको छ । जेन-जी यो सबै देखिरहेको छ । यो त्यसको विरुद्धको आन्दोलन हो ।

हाम्रो सामाजिक सम्बन्ध आजभन्दा २० वर्षअगाडि जस्तो थियो, अहिले पनि त्यस्तै छ । दलित र गैरदलितबिचको सामाजिक सम्बन्धमा कति परिवर्तन भएको छ ? महिला-पुरुषबिचको सामाजिक सम्बन्ध कति फरक भएको छ ? धनी र गरिबबिचको सामाजिक सम्बन्ध कति परिवर्तन भएको छ ? यस्तो किसिमको असमान सम्बन्ध जेन-जी पुस्ता चाहँदैन । अहिलेको आन्दोलन यो किसिमको सामाजिक सम्बन्धविरुद्धको आन्दोलन हो । सामाजिक सञ्जाल बन्द यसको 'टिगरिङ फ्याक्टर' भयो ।

## ■ नेतृत्वविहीन जेन-जी विशेषता

जेन-जीलाई मसिनो घटनाले छुन्छ र जेन-जी आन्दोलनको एउटा विशेषता भनेकै यो नेतृत्वविहीन हुन्छ । यो भिड हो । मान्छे आफैं-आफैं आएका हुन् । पुरातन हिसाबले सोच्नेले मात्र संगठन, पार्टी, नेतृत्वबारे सोच्ने हो । जेन-जीको विशेषता भनेको कोठा-कोठामा सामाजिक सञ्जालको माध्यमबाट समाचार पुऱ्याउने र कोठा-कोठाबाट परिवारलाई थाहै नदिई निस्कने हो । यस्तो आन्दोलनलाई राज्यले कम आँक्यो ।

धिमा गतिमा पुस्तान्तरण भयो । सामाजिक नीति, नियम, सांस्कृतिक नियमको पुस्तान्तरण अपेक्षित भएन । धिमा गतिमा भयो । त्यो रोकिएकोबराबर हो । एक्काइसौं शताब्दीमा रहेको जेन-जीले उसले देखेको छ, अमेरिकाको तत्कालीन राष्ट्रपति बाराक ओबामाले सत्ता छाडेपछि निजी कम्पनीमै जागिर खाए । बेलायतका पूर्वप्रधानमन्त्री ऋषि सुनकले चर्चित अन्तर्राष्ट्रिय लगानी बैंक गोल्डम्यान स्याक्समा जागिर सुरु गरे । यी सबैलाई देखेको जेन-जीले हाम्रा र ती देशका नेताको तुलना गर्छ । हाम्रोमा पनि हुनुपर्ने यस्तो हो भन्ने खाका बनाउँछ । त्यो अपेक्षा कहीं पनि मिल्दैन । अनि यस्तो आन्दोलन हुन्छ । विश्वका देश विकासको रफ्तारमा छ । त्यसैले जेन-जीहरूको आन्दोलनले समाज, सामाजिक प्रक्रियालाई युवाको अपेक्षाअनुसार चलाउनुपर्छ भन्ने कुरालाई ध्यान देऊ भनेको छ । हाम्रो राजनीतिक, सामाजिक र आर्थिक प्रक्रियाको गति धिमा भइरहेको छ । यसको रफ्तार बढाउनुपर्छ । करिब ४० प्रतिशत युवापुस्ताको अपेक्षालाई समावेश गर्दै लैजाउनुपर्छ ।

## कस्तो हुन्छ जेन-जीको मनोविज्ञान ?



● विजय ज्ञवाली, मनोविद्

जेन-जी आजको विश्वको सबैभन्दा नवीन पुस्ता हो । जो पुस्ता डिजिटल युगमा हुर्किरहेको छ । उनीहरूको व्यवहार, सोचाइ, जीवनशैली र मनोविज्ञान अघिल्ला पुस्ताहरूभन्दा फरक हुन्छ । यो पुस्ता प्रविधिमा मात्र होइन, सामाजिक, भावनात्मक र वैचारिक दृष्टिले पनि भिन्न हुन्छन् । जेन-जी साधनस्रोत सम्पन्न, ऊर्जावान् र प्रविधिमैत्री छन् । मोबाइल, इन्टरनेट, सामाजिक सञ्जालजस्ता एपमा उनीहरूको सहज पहुँच छ । मनोवैज्ञानिक रूपमा उनीहरू संवेदनशील, सामाजिक रूपमा जागरुक, राजनीतिक रूपमा सचेत हुन्छन् । विश्वको राजनीतिक, आर्थिक, सामाजिक, जलवायुजस्ता मुद्दामा उनीहरू सजग छन् । जलवायु परिवर्तनको मुद्दामा जेन-जीहरूले विश्वलाई सचेत गराएको पाइन्छ । समानतामूलक समाजको कल्पना गर्छन् । पुराना मान्यता तथा संरचनालाई भत्काउन चाहन्छन् । सामाजिक सञ्जालमा रमाउने यो पुस्ताको खाना, फेसन र जीवनशैली अघिल्लो पुस्ताभन्दा धेरै भिन्न हुन्छ । उनीहरूका आफ्नै सौख पनि हुन्छन् । घुम्ने, रमाउने, फुर्सद लिएर आराम गर्न चाहन्छन् । उनीहरूको काम गर्न परम्परागत शैलीको कार्यस्थल रुचाउँदैनन् । जेन-जीहरू घर वा कार्यालयबाहिरबाटै काम गर्न रुचाउँछन् ।

फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युबजस्ता प्लाटफर्महरू उनीहरूको दैनिकीको हिस्सा बनेको छ । डिजिटल प्लाटफर्मबाट आफूलाई रचनात्मक र सिर्जनात्मक पनि बनाएका हुन्छन् । उनीहरूलाई परम्परागत रूपमा काम गरेको मन पर्दैन । उनीहरू फ्रिलान्सिङ, डिजिटल प्लाटफर्म र स्मार्ट वर्कमा विश्वास राख्छन्, जसले उनीहरूलाई स्वतन्त्रता र रचनात्मकता महसुस गराउँछ । यो पुस्ता समाजबाट पनि फरक अपेक्षा गर्छ । यो पुस्ताले ठुलो आशा र आइडिया लिएको हुन्छ । यो पुस्ता महत्त्वाकांक्षी पनि छ । सामाजिक सञ्जालको धेरै प्रयोगले उनीहरूमा एन्जाइटी (चिन्ता), डिप्रेसन (उदासी) पनि निम्त्याउन सक्छ । उनीहरूमा महत्त्वाकांक्षा, आशावादी र एन्जाइटी एकैसाथ देखिन्छ । अनिश्चित भविष्यले उनीहरूमा भय सिर्जना गरेको हुन्छ । यो पुस्ताले संसारभर नै पुराना सामाजिक संरचनालाई चुनौती दिएको पाइन्छ । उनीहरू मानसिक स्वास्थ्यप्रति सचेत, खुला र सहयोगी पनि छन् । उनीहरू केवल समस्याको कुरा मात्र गर्दैनन्, समाधान खोज्न पनि सक्रिय देखिन्छन् । योग, मेडिटेसन, थेरापीजस्ता अभ्याससँग उनीहरूमा परिचित छन् । उनीहरू जिज्ञासु हुन्छन् । कहिलेकाहीं जिज्ञासा रिस, खुसी, ईर्ष्याको रूपमा प्रकट हुन सक्छ । मुड अस्थिर हुने हुँदा सही निर्णय लिन नसक्ने, ध्यान केन्द्रित नहुने, सजिलै विश्वास गर्ने आदि व्यवहार देखाउँछन् । मानसिक स्वास्थ्य एकदमै महत्त्वपूर्ण हुन्छ । उमेर, ज्ञान र भोगाइका कारणले उनीहरूको सोच्ने तरिका पनि अघिल्ला पुस्ताभन्दा निकै फरक हुन्छ ।

विज्ञान



● ब्रिजेट बोआकी

# विकासशील देशहरूका लागि विलासिता होइन विज्ञान




कोभिड- १९ महामारीदेखि बढ्दो जलवायु झट्कासम्म, संकटको एक शृंखलाले वैज्ञानिक र प्राविधिक समाधान प्रदान गर्न धनी देशहरूमा निर्भर हुने जोखिमलाई उजागर गरेको छ । यदि विकासशील अर्थतन्त्र भएका देशले संकटको प्रभावकारी रूपमा प्रतिक्रिया दिन र आफ्नो विकासलाई नियन्त्रण लिन चाहन्छन् भने तिनीहरूले आफ्नै अनुसन्धान पारिस्थितिक प्रणाली निर्माण गर्नुपर्छ ।

यस महिना न्युयोर्कमा हुने संयुक्तराष्ट्र संघको महासभाको अवसरमा अर्को महत्त्वपूर्ण शिखर सम्मेलन हुनेछ : युएनजिए ८० मा विज्ञान शिखर सम्मेलन । 'सामाजिक चुनौतीलाई सम्बोधन गर्न विज्ञानको निर्णायक भूमिकालाई उजागर गर्ने उद्देश्यले शिखर सम्मेलनले न्यून र मध्यम आय भएका देशहरू (एलएमआइसी)लाई लचिलोपन र सार्वभौमिकताको स्तम्भको रूपमा वैज्ञानिक अनुसन्धानको माग गर्न एक मञ्च प्रदान गर्नेछ ।

दसकौंदेखि परम्परागत बुद्धि यो छ कि विकासको सबैभन्दा छिटो मार्ग स्वतन्त्र नवप्रवर्तन होइन, बरु विदेशी प्रविधि अपनाउनुमा निहित छ । विकास संस्थाहरू र नीति निर्माताले आधारभूत विज्ञानलाई विलासिताको रूपमा व्यवहार गरेका छन् जुन केवल विकसित अर्थतन्त्रले मात्र वहन गर्न सक्छन् । एलएमआइसीका लागि तिनीहरूले तर्क गरे वैज्ञानिक क्षमताको प्रवर्द्धन (एक ढिलो र महँगो प्रक्रिया)ले गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, र पूर्वाधार जस्ता दबाबपूर्ण आवश्यकताका लागि छुट्याइनुपर्ने स्रोत उपभोग गर्नेछ; त्यसैले तिनीहरू विदेशबाट प्रविधि र समाधान आयात गर्न राम्रा छन् ।

तर, हालैका वर्षहरूमा यो तर्क उल्टिएको छ । कोभिड-१९ महामारी, तीव्र जलवायु झट्का र व्यापार तथा प्रविधि हस्तान्तरणमा बढ्दो अवरोधसहित विकासको शृंखलाले आयातीत विज्ञानमा निर्भरताको जोखिमलाई उजागर गरेको छ । अब यो स्पष्ट छ कि अल्पविकसित राष्ट्रहरूले आफ्नै विकास एजेन्डाहरूमा नियन्त्रण प्राप्त गर्ने, संकटमा प्रभावकारी रूपमा प्रतिक्रिया दिने र स्थानीय वास्तविकतामा विश्वव्यापी ज्ञानलाई अनुकूलन गर्ने हो भने तिनीहरूले आफ्नै गतिशील अनुसन्धान पारिस्थितिक प्रणाली निर्माण गर्नुपर्छ ।

यो विकासको बाटोमा बाटो बिराउने कार्य होइन वा बाह्य चुनौतीबाट जन्मिएको असुविधाजनक आवश्यकता होइन । तत्काल आवश्यकताबाट ध्यान विचलित गर्नुको सट्टा आधारभूत विज्ञानमा लगानीले देशहरूलाई नयाँ उद्योग स्थापना, उच्च गुणस्तरको रोजगारी सिर्जना, सार्वजनिक सेवालाई सुदृढ, र नवीनतालाई दिगो बनाउन आवश्यक निजी पुँजी आकर्षित गरेर ती आवश्यकता पूरा गर्न सक्षम बनाउन सक्छ ।

व्यापक रूपमा प्रयोग हुने जिडिपी बेन्चमार्कको १ प्रतिशत अनुसन्धान र विकासमा कुल खर्च बढाउन एलएमआइसीहरूलाई आह्वान उचित रूपमा बढ्दै गइरहेका छन् । तर, सबै लगानी समान रूपमा सिर्जना गरिएका छैनन् । टोनी ब्लेयर इन्स्टिच्युट फर ग्लोबल चेन्जमा गरिएको एक अध्ययनमा मेरो टोली र मैले कोष, प्रतिभा, संस्था र अनुसन्धान परिणामअनुसार १२९ देशमा फैलिएको नयाँ डेटासेटको नक्सांकन गरेका छौं । कुल खर्च यसलाई तैनाथ गरिएको तरिका र सन्दर्भभन्दा धेरै कम महत्त्वपूर्ण छ भन्ने हाम्रो मुख्य निष्कर्ष हो ।

बलियो संस्था, सक्षम अनुसन्धान एजेन्सी र प्रतिभालाई आकर्षित गर्ने र प्रसार गर्ने नीतिसँग जोड्दा सामान्य अनुसन्धान र विकास बजेटले पनि ठुलो प्रतिफल दिन सक्छ । केही देशहरूले प्रतिडलर अनुसन्धान र विकास खर्चको विश्वव्यापी औसत अनुसन्धान प्रभाव (एच-सूचकांक) धेरै गुणा हासिल गर्छन्, जबकि केहीले खासै उपलब्धि गर्न सक्दैनन् । एलएमआइसीका लागि पाठ विशेष गरी महत्त्वपूर्ण छ : बजेटको दबाबमा रहेका देशहरूले खराब पंक्तिबद्ध प्रणालीमा बढी खर्च गर्न सक्दैनन् ।

अल्प विकसित देशहरूले विशेषगरी स्वास्थ्य क्षेत्रमा नवप्रवर्तनका लागि आफ्नो क्षमता प्रमाणित गरेका छन् । कोभिड- १९ महामारीको समयमा सेनेगलको पास्चर इन्स्टिच्युटले केही साताभित्रै द्रुत निदान किट विकास र तैनाथ गऱ्यो र युगान्डाका वैज्ञानिकले स्थानीय जनस्वास्थ्य प्रणालीअनुरूप मोबाइल टेन्ट अस्पताल सिर्जना गरे । यसको जिनोम-अनुक्रमण क्षमता प्रयोग गरेर दक्षिण अफ्रिकाले नयाँ भाइरस भेरियन्ट प्रारम्भिक रूपमा पहिचान गऱ्यो, जसले विश्वलाई महत्त्वपूर्ण डेटा प्रदान गऱ्यो । यी उपलब्धि घरेलु क्षमतामा जानाजानी, दीर्घकालीन लगानीको उत्पादन थिए जसले विश्वव्यापी आपूर्ति शृंखला र सहायता च्यानल कमजोर हुँदा सहयोग गरे ।

विकासशील अर्थतन्त्रमा वैज्ञानिक सार्वभौमिकतालाई समर्थन गर्न अन्तर्राष्ट्रिय साझेदारको महत्त्वपूर्ण भूमिका छ, जसमा एलएमआइसीमा आधारित विश्वविद्यालय, प्रयोगशाला र अनुसन्धान परिषद्मा सहलगानी समावेश छ । एलएमआइसीको वैज्ञानिक क्षमता बढ्दै जाँदा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता र संस्थाहरूसँग समान रूपमा सहकार्य गर्ने र महामारीको तयारीदेखि खाद्य सुरक्षासम्म साझा समस्याको समाधानमा योगदान गर्ने क्षमता बढ्नेछ । विश्वव्यापी अनुसन्धान एजेन्डाले धनी मात्र नभई सबै देशहरूको आवश्यकता र प्राथमिकता प्रतिबिम्बित गर्ने कुरा सुनिश्चित गर्ने क्षमता पनि बढ्नेछ ।

विश्वव्यापी सहायता बजेट घट्दै गएको र बहुपक्षीयता कमजोर हुँदै गएको समयमा अल्पविकसित देशहरूले आफ्नो विकास आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय समुदायमा भर पर्न सक्दैनन् । तर, प्रगतिको बाटोमा अवरोध हुनुभन्दा टाढा यसले रूपान्तरणका लागि उत्प्रेरकको रूपमा काम गर्नुपर्छ । आफ्नै संस्था र प्रतिभामा लगानी गरेर विकासशील देशका सरकारले जोखिमलाई लचिलोपनमा र निर्भरतालाई एजेन्सीमा रूपान्तरण गर्न सक्छन् ।

संयुक्त राष्ट्रसंघको साधारणसभामा विश्व नेताहरूले युद्ध, जलवायु परिवर्तन र आर्थिक अनिश्चितताबारे छलफल गर्नेछन् । तर, विज्ञान पनि कार्यसूचीमा हुनुपर्छ । बलियो वैज्ञानिक पारिस्थितिक प्रणालीलाई बढावा दिएर मात्र हामी ज्ञात र अज्ञात चुनौतीको सामना गर्न अल्प विकसित देश तयार छन् भनी सुनिश्चित गर्न सक्छौं ।

*(ब्रिजेट बोआकी टोनी ब्लेयर इन्स्टिच्युटमा विज्ञान र प्रविधिका लागि वरिष्ठ नीति सल्लाहकार हुन् । प्रोजेक्ट सिन्डिकेटबाट **सुवास शर्मा**को अनुवाद ।)*

आफ्नै संस्था र प्रतिभामा लगानी गरेर विकासशील देशका सरकारले जोखिमलाई लचिलोपनमा र निर्भरतालाई एजेन्सीमा रूपान्तरण गर्न सक्छन् ।

# पुँजी बजारको समस्या समाधान गर्न अर्थमन्त्रीले बढाए सक्रियता

## बिहीबार नेप्से परिसूचकमा तीनपटक सर्किट ब्रेक लागेपछि अध्ययन गर्न कार्यदल गठन




● अर्थ मन्त्रालयका प्रवक्ता **टंकप्रसाद पाण्डेय** भन्छन्–



पुँजी बजारमा देखिएका समस्या र विसंगति अध्ययन गरी समाधानका लागि अर्थ मन्त्रालयले कार्यदल गठन गरेको हो। कार्यदलले लगानीकर्ताको मनोबल बढाउने प्रणालीगत तथा प्रक्रियागत सुधारका लागि सुझावसहित ठोस कार्ययोजना पाँच कार्यदिनभित्र पेस गर्नेछ।

● स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष **सागर ढकाल** भन्छन्–



सेयर बजारमा बिहीबारको गिरावट अल्पकालीन मात्रै हो। फेरि बजारमा सुधार आउने देखिन्छ। अर्थमन्त्रीले बनाएको कार्यदलमा पुँजी बजारसम्बन्धी सरोकारवाला समेटिएकाले कार्यान्वयनमा जानसमेत सहज हुने देखिन्छ। लगानीकर्ताको मनोबल कमजोर भएर यस्तो भएको हो।

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले पुँजी बजारको समस्या समाधान गर्न सक्रियता देखाएका छन्। जेन-जी आन्दोलनपछि पहिलोपटक बिहीबार खुलेको सेयर बजार नेप्से परिसूचक तीनपटक उच्च दरमा घटेपछि अर्थमन्त्री खनालले पुँजी बजारमा देखिएका समस्या पहिचान र समाधानको उपाय खोज्न कार्यदल नै गठन गरेका हुन्। बजारमा देखिएका समस्या र विसंगति अध्ययन गरी समाधानका लागि अर्थ मन्त्रालयले कार्यदल गठन गरेको मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए। कार्यदलले लगानीकर्ताको मनोबल बढाउने प्रणालीगत तथा प्रक्रियागत सुधारका लागि सुझावसहित ठोस कार्ययोजना पाँच कार्यदिनभित्र पेस गर्ने उनले बताए।

अर्थमन्त्रीस्तरको शुक्रबारको निर्णयअनुसार बनेको कार्यदलमा नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक (कामु) रूपेश केसी संयोजक छन्। त्यस्तै, नेपाल राष्ट्र बैंकका निर्देशक शरण अधिकारी, नेपाल स्टक एक्सचेन्ज लिमिटेडका कार्यकारी निर्देशक (कामु) निरञ्जन फुयाँल सदस्य छन्। अर्थ मन्त्रालयका उपसचिव शरद निरौला सदस्य सचिवका रूपमा छन्। मन्त्रालयका अनुसार कार्यदलले तत्कालीन समस्या समाधान र पुँजी बजारलाई दीर्घकालीन रूपमा सुदृढ बनाउनुपर्ने कदमबारे ठोस कार्ययोजना ल्याउने अपेक्षा गरिएको छ।

१६ भदौमा २७६१.८६ विन्दुमा पुगेको बजार परिसूचक त्यसपछि निरन्तर ओरालो लागिरहेको छ। यसबिच ६ कार्यदिन मात्रै खुलेको बजारमा २४९.९५ अंकले परिसूचक घटेको छ। बजार पुँजीकरण ४१ खर्ब ९९ अर्ब रुपैयाँ कायम भएको छ। बिहीबार नेप्से परिसूचक १६०.३३ अंकले घटेर २५११.९१ विन्दुमा रोकियो। बजार खुलेको करिब एक घण्टामै तीनपटक सर्किट ब्रेक लागेर नेप्से बन्द भयो। जेन-जी आन्दोलनका कारण स्थगित भएको सेयर बजारमा खुलेको पहिलो दिन नै ठुलो पहिरो गएपछि अर्थमन्त्रीले समस्या पहिचान र सुधारको अध्ययनका लागि कार्यदल गठन गरेका हुन्।

सरकारले पुँजी बजारका समस्या पहिचान र सुधारका लागि भन्दै पटक-पटक अध्ययन तथा सुझाव कार्यदल गठन गर्दै आइरहेको छ। तर, त्यस्ता कार्यदलले दिएका सुझाव कार्यान्वयनको अवस्था भने कमजोर रहेको छ।

### खनाल आफैंले दिएका थिए पुँजी बजार सुधारसम्बन्धी यस्ता सुझाव



यसअघि २९ चैतमा रामेश्वर खनाल आफैं अध्यक्ष रहेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पुँजी बजार सुधारसम्बन्धी सुझाव दिइसकेको छ। आयोगले पुँजी बजारमा उत्पादनमूलक कम्पनीको प्रवेश गराउनु आवश्यक रहेको उल्लेख गरेको थियो। ठुला कम्पनीले पुँजी बजारबाट सेयर तथा डिबेन्चरका माध्यमबाट वित्तीय साधन परिचालन गर्दा जोखिम विविधीकरण हुने र लामो अवधिको सस्तो लागतमा वित्तीय साधन उपलब्ध हुने आयोगको अध्ययनको निष्कर्ष थियो। आयोगले प्रतिवेदनमा भनेको छ, 'ब्याजदरमा उतारचढाव आइरहने बैंकको ऋणमाथिको निर्भरता कम हुन्छ। पुँजी बजारमा लामो अवधिको वित्तीय उपकरणको उपलब्धताले सम्भौता भएको बचत परिचालन गर्ने बिमा कम्पनी र पेन्सन फन्डलाई लगानी गर्ने वितीय उपकरण पनि उपलब्ध हुन्छ।'

त्यस्तै, अहिले सरकारी ऋणपत्र खासगरी बैंकले मात्रै खरिद गरिरहेको अवस्थामा यस्ता ऋणपत्र बिमा कम्पनी तथा पेन्सन फन्ड परिचालन गर्ने संस्थालक्षित गरी निष्कासन गर्न सकिने प्रतिवेदनले उल्लेख गरेको थियो। योजना र परियोजनालक्षित ऋणपत्र पनि निष्कासन गर्न सकिने पनि भनिएको थियो। प्रतिवेदनमा उल्लेख छ, 'यसले गर्दा दीर्घकालीन बचत परिचालन गर्ने संस्थाका लागि वित्तीय उपकरण उपलब्ध हुन्छ भने अर्थतन्त्रमा पुँजी निर्माण भई अर्थतन्त्रको उत्पादकत्व बढ्न पुग्छ। ऋणपत्र बजारको विकासका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई स्थानीय मुद्रामा बन्ड जारी गर्न दिनु उपयुक्त देखिन्छ।'




दोस्रो बजारमा गैरआवासीय नेपालीलाई कारोबार गर्न अनुमति दिने पनि आयोगको सुझाव थियो। यसका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ दफा ९ र १० परिमार्जन गरी गैरआवासीय नेपालीको हकमा पुँजी लगानी कोष खडा नगरीकन व्यक्तिगत रूपमा नै गैरआवासीय नेपाली नागरिकता परिचयपत्रका आधारमा कारोबार गर्न दिने व्यवस्था गर्ने सुझाव आयोगको छ। लगानीकर्ताले दोस्रो बजारमा सेयर खरिद गर्न भित्र्याएको रकमको एक वर्षमा दुईपटक ५० प्रतिशतसम्म रकम मात्र फिर्ता लान सक्ने व्यवस्था गर्ने पनि भनिएको छ।

धितोपत्र ऐन, २०६३ मा संशोधन गरी धितोपत्र बोर्डको संरचना परिवर्तन गर्नुपर्ने पनि आयोगको सुझाव थियो। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल उद्योग वाणिज्य संघ र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधित्व हटाउनुपर्ने सुझाव आयोगको थियो। हाल एकजना मात्र विज्ञ राख्ने व्यवस्था रहेकामा दुईजना राख्ने व्यवस्था गर्ने भनिएको थियो।

# अलपत्र जीर्ण आयोजनाको ठेक्का तोडिने

## ऊर्जा, सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकासका जीर्ण आयोजनाको सूची तयार गर्न मन्त्री घिसिङको निर्देशन

नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयअन्तर्गतका लामो समयदेखि काम नभई अलपत्र पारिएका जीर्ण विकास आयोजनाका ठेक्का तोडिने भएको छ।

तीनवटै मन्त्रालयको जिम्मेवारीमा रहेका मन्त्री घिसिङले तीनवटै मन्त्रालयका सचिव र विभागीय प्रमुखलाई जीर्ण आयोजनाको सूची तत्काल तयार गरी पेस गर्न निर्देशन दिएका छन्। तीनवटै मन्त्रालयको काम-कारबाहीको जानकारी लिँदै मन्त्री घिसिङले काम नगर्ने निर्माण व्यवसायीको अनुहार हेरेर आयोजनालाई अलपत्र अवस्थामा राख्न नदिने बताए।

'चालू रहेका ठुला पूर्वाधारका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठुलो आर्थिक क्षति व्यहोरिरहेको छ भने अर्कोतर्फ त्यस्ता आयोजनाबाट प्राप्त हुने लाभबाट नागरिक वञ्चित भइरहेको विडम्बनापूर्ण अवस्था छ,' उनले भने, 'अब कसैको अनुहार हेरेर हुँदैन, त्यस्ता आयोजनाको पहिचान र मूल्यांकन गरी तत्काल सूची पेस गर्नुहोस्।' निर्णय नगरी नहुने भन्दै उनले जीर्ण बनेका आयोजनाको ठेक्का तोडी नयाँ ठेक्का प्रक्रियामा जानुपर्ने बताए। 'आयोजनालाई अलपत्र पारेर राख्न पाइँदैन,' उनले भने।

सिँचाइअन्तर्गत राष्ट्रिय गौरवको सुनकोशी-मरिन बहुउद्देश्यीय, भौतिक पूर्वाधारअन्तर्गत तीन सयभन्दा बढी सडक र एक सयभन्दा बढी पुल निर्माण आयोजना अलपत्र रहेको देखिएको मन्त्रीको सचिवालयले जनाएको छ।

● **कुलमान घिसिङ**, मन्त्री, ऊर्जा तथा भौतिक पूर्वाधार



चालू अवस्थाका ठुला पूर्वाधारका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठुलो आर्थिक क्षति व्यहोरिरहेको छ। अब कसैको अनुहार हेरेर हुँदैन। आयोजनाको पहिचान र मूल्यांकन गरी तत्काल जीर्ण आयोजनाको ठेक्का तोडी नयाँ ठेक्का प्रक्रियामा जानुपर्छ। आयोजनालाई अलपत्र पारेर राख्न पाइँदैन।

### अनियमितता फेला परे तुरुन्तै कारबाही

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले आफ्ना कार्यालयअन्तर्गतका निकायमा हुने अनियमितता रोक्न निर्देशन दिएका छन्। मन्त्री घिसिङले अनियमितता फेला परेमा त्यसमा संलग्नलाई तुरुन्तै कारबाही गर्ने चेतावनी दिएका हुन्।

'विगतमा कमिसन खाएर बजेट नै बेच्यो भन्ने आरोप सुन्ने गरिएको छ। जेन-जी आन्दोलनको मुख्य एजेन्डा नै भ्रष्टाचार नियन्त्रण थियो, भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने ठुलो निराशा उत्पन्न हुन्छ,' उनले भने, 'अनियमितता हुने छिद्रहरूको पहिचान गरी त्यसलाई बन्द गर्नुहोस्, एक रुपैयाँ पनि अनियमितता गरेको फेला परेमा संलग्नलाई छाडिनेछैन।'

### 'संसद् भवन पुसभित्रै जसरी पनि सकौं'

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद् भवन जसरी पनि आगामी पुसभित्रै सम्पन्न गर्नुपर्ने बताए। मन्त्री घिसिङले बिहीबार सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देल, विशेष भवन निर्माण आयोजना तथा समन्वय कार्यालय, आयोजनाका परामर्शदाता र निर्माण व्यवसायीसँग भवन निर्माणबारे छलफल गरेर पुसआगाडि नै निर्माण सम्पन्न गर्ने गरी बाँकी रहेका काम गर्न निर्देशन दिएका हुन्।

'जेन-जी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनमा ठुलो क्षति पुऱ्याइएपछि अहिले संसद् भवन नै छैन,' उनले भने, 'त्यसैले संसद् भवन निर्माण संवेदनशील आयोजना हो, यो या त्यो बहानामा अब ढिला गर्नुहुँदैन, यसमा सबै पक्ष गम्भीर भएर पूर्ण रूपमा परिचालित भई समयअगावै सक्नुपर्छ।'

संसद् भवन तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ०७६ को असोजमा ठेक्का सम्झौता भएको थियो। पाँचौंपल्ट थपिएको ठेक्का सम्झौताको म्याद आगामी पुसमा सकिँदै छ। आयोजनाको भौतिक प्रगति ८६ प्रतिशत रहेको छ।

राष्ट्रिय सभा र प्रतिनिधिसभा हलमा फल्स सिलिङका लागि थप ट्रस तथा दुवै भवनको पहिलो तलामा रहेको मल्टिपर्पोज हलमा फल्स सिलिङका लागि थप ट्रसको निर्माण, इलेक्ट्रिकलअन्तर्गत मेन एलटी प्यानल, सब एलटी प्यानल, मेन, सम्पूर्ण स्यानेटरी, इलेक्ट्रिकल फायर फाइटिङ, एचभिएसी परीक्षण तथा सञ्चालनलगायतका काम बाँकी रहेका छन्।

■ सुस्तायो घरजग्गा कारोबार

# भदौमा देशभर २७ हजार चार सय ९४ लिखत मात्रै पारित

## घरजग्गा कारोबारबाट सरकारले उठायो तीन अर्ब १४ करोड राजस्व



नयाँ पत्रिका

चालू आर्थिक वर्षको भदौमा घरजग्गा कारोबार झन् सुस्ताएको छ। भदौ महिनामा देशभरका मालपोत कार्यालयहरूले २७ हजार चार सय ९४ वटा लिखत पारित गरेका छन्। जबकि, साउनमा ३१ हजार ६ सय २१ लिखत पारित भएका थिए। गत वर्ष भदौको तुलनामा पनि यसपालिको कारोबार संख्या कम हो। गत वर्ष भदौमा ३२ हजार सात सय ९८ लिखत पारित भएको थियो।

मालपोत कार्यालयबाट ३३ हजार तीन सय ८३ नामसारी सेवा प्रदान गरिएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ। यसैगरी सात हजार तीन सय ६० संशोधन, दुई हजार तीन सय ६ हाल-साबिक र फुकुवा २३ हजार आठ सय ९२ प्रक्रियामा छन्।

त्यस्तै, जग्गा दर्ता दुई सय ८८, दाखिल खारेज एक हजार पाँच सय ६१, मोहियानी हक कायममा एउटा, मोहियानी हक नामसारी ७५ वटा, मोही लगत कट्टा तीन सय १२, जग्गा बाँडफाँट एक सय २१, र प्रतिलिपि प्रक्रिया दुई हजार तीन सय ५४ पुगेका छन्।

गुठीसम्बन्धी सेवाको संख्या भने कम देखिन्छ। गुठी अधीनस्थ जग्गाको लिखत पारित एक सय चार, नामसारी ३०, दाखिल खारेज सात र गुठी जग्गा तथा सम्पदा दुई सय ७१ मात्र पुगेका छन्। यस्तै, अपार्टमेन्टको लिखत पारित ३८, गैरघर-जग्गासम्बन्धी लिखत पारित दुई सय ७१, श्रेस्ता एकीकरण ० र आयोजना फिर्ताको लिखत २१ सेवा सम्पन्न भएका छन्।

### तीन महिनाको घरजग्गा कारोबार र राजस्व संकलन

| शीर्षक | असार | साउन | भदौ |
|---|---|---|---|
| लिखत पारित (संख्या) | ५५ हजार ५ सय २४ | ३१ हजार ६ सय २१ | २७ हजार ४ सय ९४ वटा |
| राजस्व संकलन | ६ अर्ब ५५ करोड १७ लाख | ३ अर्ब २८ करोड ९१ लाख | ३ अर्ब १४ करोड ७ लाख |
| पुँजीगत लाभकर संकलन | २ अर्ब ५६ करोड | १ अर्ब १९ करोड | १ अर्ब २० करोड ९२ लाख |

स्रोत : भूमि व्यवस्थापन तथा अभिलेख विभाग

### ■ एक अर्ब २१ करोड रुपैयाँ पुँजीगत लाभकर संकलन

भदौ महिनामा भएको घरजग्गा कारोबारबापत तीन अर्ब १४ करोड सात लाख रुपैयाँ राजस्व उठेको छ। जसमा एक अर्ब २० करोड ९२ लाख रुपैयाँको पुँजीगत लाभकर मात्रै संकलन भएको छ। साउनमा तीन अर्ब २८ करोड ९१ लाखको राजस्व संकलन भएको थियो, जसमा पुँजीगत लाभकर मात्रै एक अर्ब १९ करोड रुपैयाँ उठेको थियो। गत असारमा ६ अर्ब ५५ करोड १७ लाख रुपैयाँको राजस्व संकलन भएकामा दुई अर्ब ५६ करोडको मात्रै पुँजीगत लाभकर उठेको थियो। गत सालको भदौमा घरजग्गा कारोबारबाट तीन अर्ब नौ करोडको राजस्व संकलन भएकोमा एक अर्ब १३ करोडको मात्रै पुँजीगत लाभकर उठेको थियो।

बजार मूल्यभन्दा सरकारी मूल्यांकन न्यून हुने र खरिद-बिक्री गर्दा न्यूनतम मूल्यांकनमा मात्रै पारित हुने गरेकाले राजस्व संकलन कम हुने गरेको छ।

# आन्दोलनमा भएको क्षतिको दाबी भुक्तानी चाँडै गरिने

**काठमाडौं**/ निर्जीवन बिमा कम्पनीहरूले जेन-जी आन्दोलनमा भएको क्षतिको दाबीको भुक्तानी चाँडै गर्ने प्रतिबद्धता गरेका छन्। क्षतिको यथार्थ विवरणसहित दाबीका लागि प्रक्रियामा आउन आग्रह गर्दै उनीहरूले छिटो भुक्तानी गर्ने बताएका हुन्।

नेपाल निर्जीवन बिमा व्यवसायी संघले आन्दोलनका क्रममा भएको क्षतिको दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध रहेको जनाएको छ। बिमा गरेका सवारीसाधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्बन्धित निकायमा प्रक्रिया अघि बढाउन संघले आग्रहसमेत गरेको छ।

संघका अध्यक्ष राजेन्द्र मल्लले बिमितहरूले आफ्नो क्षतिको विवरणसहित आवश्यक कागजात चाँडो बिमा कम्पनीमा बुझाई दाबी प्रक्रिया सहज बनाउने कार्यमा सहयोग गर्न अपिल गरेका छन्। साथै, बिमा कम्पनीहरूले पनि दाबी भुक्तानी प्रक्रिया छिटो टुंगोमा पुऱ्याउने उद्देश्यका साथ काम गरिरहेको अध्यक्ष मल्लले बताए।

०७२ को भूकम्प र कोभिड महामारीपछिका अनुभवले बिमाको आवश्यकता र उपयोगितालाई गम्भीर रूपमा महसुस गराएको सन्दर्भमा, हालको परिस्थितिमा बिमा कम्पनीहरूको सक्रियता सकारात्मक र आशाजनक देखिएको अध्यक्ष मल्लले बताए।

वर्तमान अवस्थामा बिमाको महत्त्व झनै बढेको सन्दर्भमा, बिमा कम्पनीहरूले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्दै बिमितको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया तीव्र रूपमा अगाडि बढाइरहेको संघले जनाएको छ। बिमित सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र मूल्यांकन गरी, क्षति विवरणका आधारमा दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउने संघले स्पष्ट पारेको छ।

**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सुरी, दोलखा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०६/०४ गते**

मिति २०८२।०४।२१ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मू.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १. | 01/GRM/NCB/ Works/R/2082-83 | पिखुति महतारा नाकुसे गर्लाङ्ग सडक योजना (क्रमागत) स्तरोन्नति, वडा नं. ३, भ्याकु, दोलखा। | Urban Axis Construction & Suppliers Pvt. Ltd, Kathmandu. | रु १,०४,९९,३८०।४१ |
| २. | 02/GRM/NCB/ Works/R/2082-83 | जामुने केसरी छसाखारे सडक स्तरोन्नति, वडा नं. ८, खारे, दोलखा। | Urban Axis Construction & Suppliers Pvt. Ltd, Kathmandu. | रु ९६,९९,५७२।९२ |

**प्रमुख प्रशासकीय अधिकृत**

**Koshi Province Government**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources & Irrigation Development Division, Taplejung**

**Notice of Intention for Award of Contract**

**[Date of publication: 2082/06/04 (20th Sept, 2025)]**

In accordance with Clause 27(2) of the Public Procurement Act, 2063, this notice serves to inform all concerned parties of our intent to award the contracts for the **Contract No. ISIP/WRIDD/Taplejung/081-82/NCB-01,** regarding to the bid invitation notice on 23rd May 2025 in national daily newspaper "Annapurna Post National Daily**,** to the lowest evaluated substantially responsive bidder, as detailed in the table below. All concerned parties are notified that they have seven (7) days from the date of this notification to: (i) Request a debriefing regarding the evaluation of their bid; and/or (ii) Submit a bidding-related complaint regarding the intended contract award, in accordance with the procedures outlined in ITB 40.1 of the respective Bidding Document.

| SN | Name of Contract & Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Accepted Contract Amount (Inclusive of PS and VAT) |
|---|---|---|---|
| 1 | Construction of Khahare Manjabung ISP, Pathibhara Yangwarak Rural Municipality, Taplejung (ISIP/ WRIDD/Taplejung/081-82/NCB-01) | Ale- Chandrajyoti JV, Phidim-3, Panchthar | NRs. 9,054,744.91 |

**Division Chief**

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ४ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# यस्ता छन् नेपालविरुद्ध खेल्ने वेस्ट इन्डिजका खेलाडी


नेपालले पहिलोपटक टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग टी-२०आई सिरिज खेल्दै छ। युएईको सारजहाँ रंगशालामा २७-३० सेप्टेम्बरसम्म हुने सिरिजलाई नेपाली टोलीले विश्वकप छनोटको अन्तिम अभ्यास खेलका रूपमा लिएको छ। वेस्ट इन्डिजसँगको खेलपछि नेपाल एसियन छनोटमा प्रतिस्पर्धा गर्न ओमान प्रस्थान गर्नेछ। वेस्ट इन्डिजले पनि नेपालविरुद्धको सिरिजमा ६ युवा खेलाडीलाई अवसर दिएको छ। वेस्ट इन्डिज क्रिकेट बोर्डले सिनियर तथा युवा खेलाडीको मिश्रणमा नेपालसँग खेल्ने १५ सदस्यीय टोली घोषणा गरेको छ। बोर्डले क्यारिबियन प्रिमियर लिगमा राम्रो प्रदर्शन गरेका खेलाडीलाई पहिलो प्राथमिकतामा राखेको छ। आकेल होसेनको कप्तानीमा रहेको टोलीमा ६ नयाँ खेलाडी छन्। 'यो सिरिजमा युवा खेलाडीले अवसरका रूपमा लिनेछन्,' सिवाइआईका निर्देशक मिलेसले भने, 'हामी विश्वकपलक्षित टोली बनाउँदै छौं।'



**आकेल होसेन (कप्तान)** : होसेनले नेपालविरुद्ध कप्तानी गर्नेछन्। होसेन बायाँहाते ब्याट्सम्यान र स्पिनर हुन्। सिनियर खेलाडीहरूले टी-२० आईबाट सन्न्यास लिएपछि उनले कप्तानी गर्ने जिम्मेवारी पाएका हुन्। सन् २०२१ मा उनले दक्षिण अफ्रिकाविरुद्ध घरेलु मैदानमा टी-२० आईमा डेब्यु गरेका थिए। एकदिवसीय खेलमा उनले २०२१ मा बंगलादेशविरुद्ध डेब्युको अवसर पाएका हुन्। होसेनसँग अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइजको अनुभव छ। उनले सिपिएल, पिएसएल, बिबिएल तथा आइपिएल खेलेको अनुभव छ। होसेनले ७८ टी-२० आईमा दुई सय ७२ रन बनाउनुका साथै ७२ विकेट लिएका छन्। उनले करिअरमा दुईपटक चार विकेट तथा एकपटक पाँच विकेट हात पारेका छन्।



**जासन होल्डर** : वेस्ट इन्डिजका पूर्वकप्तान होल्डर घोषित खेलाडीमा सबैभन्दा सिनियर र अनुभवी खेलाडी हुन्। ३३ वर्षीय होल्डरले सन् २०१४ मै अस्ट्रेलियाविरुद्ध एकदिवसीय तथा सोही वर्ष न्युजिल्यान्डसँगको टी-२० आईमा डेब्यु गरेका थिए। उनले २०१४ मा न्युजिल्यान्डविरुद्ध टेस्टमा डेब्यस गरेका थिए। वेस्ट इन्डिज टोलीमा उनी लामो समयदेखि बलिङ अलराउन्डर भूमिकामा छन्। दायाँहाते ब्याटिङ गर्न रुचाउने होल्डर दायाँहाते मध्यम गतिका बलर हुन्। उनले ६९ टेस्टमा एक सय ६२, एकदिवसीयमा एक सय ५९ र टी-२० आईमा ८२ विकेट लिएका छन्। यसैगरी, ब्याटिङ क्रममा होल्डरले टेस्टमा तीन शतक तथा १४ अर्धशतकको सहयोगमा तीन हजार ७३ रन जोडेका छन्। एक सय ३८ एकदिवसीय खेलमा उनले १२ अर्धशतक प्रहार गरी दुई हजार दुई सय ३७ रन बटुलेका छन्। ७५ टी-२० आई खेलबाट उनले ६ सय ७२ रन बटुले। उनले अहिलेसम्म तीन सय ११ टी-२० सिरिज खेलेका छन्। वर्तमान वेस्ट इन्डिजको टोलीमा महत्त्वपूर्ण खेलाडीका रूपमा रहेका होल्डरसँग आइपिएल, बिपिएल, बिगबास तथा सिपिएल लिगको अनुभव छ।




**केयल मायर्स** : सन् २०२१ मा बंगलादेशविरुद्ध टेस्टमा डेब्यु गरेका मायर्स निरन्तर टोलीमा छन्। नेपालविरुद्धको सिरिजमा वेस्ट इन्डिजका अनुभवी खेलाडीमध्ये मायर्स पनि पर्छन्। उनले १८ टेस्टमा नौ सय ४९ रन बनाउँदा समान दुई शतक र अर्धशतकीय इनिङ्स खेलेका छन्। यसैगरी, २८ एकदिवसीय खेलमा उनले ६ सय ६० रन जोड्दा दुई शतक तथा दुई नै अर्धशतक ठोके। यसैगरी, ३८ टी-२० आईमा उनले तीन अर्धशतकको सहयोगमा सात सय ६२ रन बनाएका छन्। वेस्ट इन्डिजले उनलाई ब्याटिङ अलराउन्डर खेलाडीका रूपमा राखेको हो। उनले विश्वप्रसिद्ध फ्रेन्चाइज लिगहरू खेलेका छन्। आइपिएल, बिपिएल, सिपिएल तथा पिएसएल लिग प्रमुख हुन्।




**फाबियन एलान** : एलान बलिङ अलराउन्डर हुन्। वेस्ट इन्डिजको पावर हिटिङ ब्याट्सम्यानमा एलान राम्रो मान्छन्। बायाँहाते स्पिनरसँग विश्व प्रसिद्ध टी-२० फ्रेन्चाइज लिगको अनुभव छ। उनले सिपिएल, बिबिएल, एलपिएल, आइपिएल तथा पिएसएलमा प्रतिस्पर्धा गरेका छन्। विश्व प्रसिद्ध आइसिपमा उनले करिअरमा दुईपटक फरक टोलीबाट खेले। वेस्ट इन्डिजको वर्तमान टोलीमा एलान अनुभवी खेलाडीमा पर्छन्। सन् २०१८ मा उनले भारतविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। ३९ टी-२० आईमा उनले २४ विकेट लिएका छन्। यसैगरी, टी-२० फर्म्याटमा उनले सय विकेट पूरा गरेका छन्। ब्याटिङ क्रममा एलानले एकदिवसीय खेलमा दुई सय र टी-२० आईमा दुई सय ७२ रन बटुलेका छन्। टी-२० आईमा उनको स्ट्राइक एक सय ३६ रहेको छ।



**क्येची कार्टी** : नेपालविरुद्ध घोषित वेस्ट इन्डिजको टोलीमा तीनवटै फर्म्याट खेल्ने कार्टी एक हुन्। कार्टीले सात टेस्ट, ४० एकदिवसीय तथा चार टी-२० आई खेलेका छन्। यी तीनवटै फर्म्याटमा बलिङ अवसर पाए पनि उनी अहिलेसम्म विकेटविहीन छन्। ब्याटिङमा दखल राख्ने कार्टीले चार टी-२० आईमा ५३ रन जोडेका छन्। यस फर्म्याटमा उनको ब्याटिङ स्ट्राइक एक सय ५१ रहेको छ। उनले ४० एकदिवसीय खेलमा एक हजार चार सय ९५ रन बटुलेका छन्। यस क्रममा उनले चार शतक तथा पाँच अर्धशतकीय इनिङ खेलेका छन्। सन् २०२२ मा एकदिवसीय खेलमा डेब्यु अवसर पाएका उनले गत वर्ष मात्र टी-२० आई खेलेका थिए। व्यावसायिक क्रिकेटमा उनी सिपिएल लिगमा आबद्ध छन्।



**जेवेल एन्ड्रयु** : एन्डयुले नेपालसँग एक्सपोजर प्राप्त गर्ने अवसर नपाए पनि एन्डयुले नेपालसँग एक्सपोजर प्राप्त गर्ने अवसर पाएका छन्। वेस्ट इन्डिजको टोलीमा खासै मौका पाएका छैनन्। नेपालविरुद्ध उनी बाहेक वेस्ट इन्डिजले दिएको हो। उनले अहिलेसम्म एकदिवसीय र टी-२० आईमा समान तीन अन्तर्राष्ट्रिय खेल खेलेका छन्। उनले टी-२० आईमा ७१ रन जोडेका छन्। यसै वर्ष मात्र उनले टी-२० आईमा पाकिस्तानविरुद्ध डेब्यु गरेका हुन्। नेपालविरुद्धको सिरिजमा उनी एक फ्रेस खेलाडी हुन्। सन् २०२४ मा उनले एकदिवसीय खेलमा श्रीलंकाविरुद्ध डेब्यु अवसर पाए। व्यावसायिक क्रिकेटमा उनी सिपिएलमा मात्र आबद्ध छन्।



**अकिम जेरेल अगस्टे** : पछिल्लो समय वेस्ट इन्डिजको ओपनिङमा अकिमले जिम्मेवारी सम्हालेका छन्। बायाँहाते ब्याट्सम्यान अकिमले लेग ब्रेक बलिङ पनि गर्छन्। नेपालविरुद्धको सिरिजमा उनले पहिलोपटक वेस्ट इन्डिजको टोलीमा स्थान बनाएका हुन्। डेब्यु खेलाडी अकिमलाई यू-१९ टोलीबाट छनोट गरिएको हो। यद्यपि, उनले पहिलो श्रेणीको क्रिकेटमा एक हजार ६ रन तथा लिस्ट 'ए'मा पाँच सय ३७ रन बनाएका छन्। अकिमले टी-२० सिरिजमा भने २६ खेलबाट तीन सय ८५ रन बटुलेका छन्। समग्रमा उनले बलिङमा ६ विकेट हात पारेका छन्। व्यावसायिक क्रिकेटमा उनी सिपिएलमा आबद्ध छन्।



**नभिन विदैसी** : वेस्ट इन्डिजले नेपालविरुद्धको ऐतिहासिक सिरिजमा ६ युवा खेलाडीलाई अवसर दिएका छन्। यसमध्ये नभिन पनि एक हुन्। वेस्ट इन्डिज क्रिकेट बोर्डले ब्याटिङ अलराउन्डरका रूपमा उनलाई समावेश गरेको हो। उनले टी-२० सिरिजमा सात खेलबाट एक सय १७ रन जोडेका छन्। यस क्रममा उनले एकपटक अर्धशतीय इनिङ्स खेलेका छन्। उनको ब्याटिङ स्ट्राइक एक सय २० रहेको छ। उनले टी-२० सिरिजमा सात इनिङ्समा सात विकेट हात पारेका छन्। व्यावसायिक फ्रेन्चाइजमा उनी किंग्सटनमा आबद्ध छन्।



**जेदिआस ब्लादेस** : २३ वर्षीय युवा खेलाडी ब्लादेसले यसै वर्ष मात्र राष्ट्रिय सिनियर टोलीबाट डेब्यु गरेका हुन्। एकदिवसीयभन्दा टी-२० आईमा उनले बढी अवसर पाएका छन्। अहिलेसम्म तीनवटा टी-२० आईमा उनले तीन विकेट हात पारेका छन्। उनको उत्कृष्ट स्पेल नै २९/३ हो। दुई महिनाअघि उनले



अस्ट्रेलियाविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। सन् २०२४ मा उनले बंगलोदशसँगको एकदिवसीयमा डेब्यु गरेका थिए। टी-२० फ्रेन्चाइज लिगमा उनी सिपिएलमा आबद्ध छन्। सिपिएलमा उनले दुई खेलबाट तीन विकेट हात पारेका छन्।


**करिमा गोरे** : करिमासँग सिनियर टोलीसँगको अनुभव कम छ। अहिलेसम्म उनले १६ एकदिवसीय र आठ टी-२० खेल खेलेका छन्। नेपालविरुद्ध उनी बायाँहाते बलरका रूपमा देखिने सम्भावना छ। एकदिवसीयमा उनले १६ खेलबाट १३ विकेट तथा टी-२० आईमा आठ खेलबाट १० विकेट हात पारेका छन्। सन् २०१९ मै एकदिवसीय तथा २०२१ मा टी-२० आईमा डेब्यु गरेका थिए। चार वर्षयता उनी टोलीमा छैनन्। वेस्ट इन्डिजले आसन्न टी-२० विश्वकप प्रतियोगिताको मध्यनजर गरी युवा खेलाडीलाई दिएको छ। गोरे पनि यसै अवसर पाउने खेलाडीमा पर्छन्। व्यावसायिक फ्रेन्चाइज लिगमा उनी सिपिएलमा छन्। उनले मेजर लिग क्रिकेटमा उनले ११ खेलबाट तीन विकेट लिएका छन्।




**अमिर जंगु** : वेस्ट इन्डिजले वैकल्पिक विकेटकिपर ब्याट्सम्यानका रूपमा अमिरलाई समावेश गरेको हो। उनले अहिलेसम्म टी-२० आईमा अवसर पाएका छैनन्। तर, करिअरमा उनले एक टेस्ट तथा पाँच एकदिवसीय खेल खेलेका छन्। पाँच एकदिवसीयमा एक शतकको सहयोगमा उनले एक सदस्य ५३ रन बनाएका छन्। सन् २०२४ मा उनले बंगलादेशविरुद्ध एकदिवसीय तथा यसै वर्ष पाकिस्तानविरुद्ध टेस्टमा डेब्यु गरेका थिए। व्यावसायिक लिगमा उनी सिपिएलमा आबद्ध छन्। सिपिएलमा उनले १७ खेलमा तीन सय ३४ रन बनाएका छन्। यस क्रममा उनको नाममा तीन अर्धशतक छ।




**ओवेड म्याकोय** : वेस्ट इन्डिजको फास्ट बलर जिम्मेवारी पाएका म्याकोयसँग एकदिवसीय र टी-२० आईको अनुभव छ। तीव्र गतिको बलर गर्न माहिर म्याकोयले ४२ टी-२० आईमा ५२ विकेट लिएका छन्। यस क्रममा उनले आफ्नो करिअरकै उत्कृष्ट बलिङ स्पेलका रूपमा १७-६ राखेका छन्। उनले जीवनमा दुईपटक चार तथा एकपटक पाँच विकेटभन्दा बढी लिएका छन्। यसैगरी, एक सय ५५ टी-२० सिरिजमा उनले एक सय ८९ विकेट हात पारेका छन्। सन् २०१८ मा उनले भारतविरुद्ध एकदिवसीय तथा सन् २०१९ मा इंग्ल्यान्डविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए।



**जिसन मोटरा** : नेपालविरुद्धको सिरिजमा डेब्यु गर्न सक्ने खेलाडीमा जिसन पनि हुन्। तीन महिनाको अन्तरमा वेस्ट इन्डिजका सिनियर खेलाडीले सन्न्यास लिँदा युवा खेलाडीले अन्तर्राष्ट्रिय खेलमा अवसर पाइरहेका छन्। यसपटक जिसनले पनि पाउन सक्छन्। उनीसँग पहिलो श्रेणी, लिस्ट 'ए' तथा टी-२० सिरिजको अनुभव छ। पहिलो श्रेणीमा १० खेलमा दुई सय ३६ रन, लिस्ट 'ए' मा १४ रन बनाएका छन्। बलिङका क्रममा उनले पहिलो श्रेणीमा १० खेलबाट २५ विकेट हात पारेका छन्।



**रामोन सिमोन्ड्स** : रामोनले पहिलोपटक वेस्ट इन्डिजको राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। बायाँहाते मध्यम गतिका बलर रामोनले पहिलो श्रेणीमा १२ खेलबाट ३८ विकेट लिएका छन्। यसैगरी लिस्ट 'ए'मा उनले सात तथा टी-२० सिरिजमा २३ विकेट हात पारेका छन्। वेस्ट इन्डिजको उमेर समूहबाट उनले सिनियर टोलीमा स्थान बनाएका हुन्। व्यावसायिक फ्रेन्चाइजमा उनले सिपिएल खेलेका छन्।



**सामार स्प्रिगर** : गत वर्ष टी-२० आईमा श्रीलंकाविरुद्ध डेब्यु गरेका सामार अलराउन्डर भूमिकामा छन्। उनले दुई टी-२० आई खेलमा सात रन र दुई विकेट हात पारेका छन्। उनले टी-२० सिरिजमा ४० खेलबाट दुई सय ५१ रन बनाएका छन्। उनले १९ पहिलो श्रेणीबाट ५१ तथा लिस्ट 'ए'मा १९ खेलबाट ४३ विकेट हात पारेका छन्।

(एजेन्सीको सहयोगमा **श्रीलोचन राजोपाध्याय**)

## पाकिस्तानको दोस्रो जित



**काठमाडौं**/ श्रीलंकाको कोलम्बोमा चलिरहेको पुरुष यू-१७ च्याम्पियनसिपमा पाकिस्तानले लगातार दोस्रो जित निकालेको छ। एकपटकको च्याम्पियन पाकिस्तानले शुक्रबार आफ्नो दोस्रो खेलमा माल्दिभ्सलाई ५-२ ले हराएको हो। लगातार दोस्रो जितसँगै दुई खेलमा ६ अंक छ। दुवै खेलमा पराजित माल्दिभ्स अंकविहीन छ। पहिलो खेलमा पाकिस्तानले भुटानलाई ४-० ले हराएको थियो। माल्दिभ्स भारतसँग ६-० को हार व्यहोरेको थियो। श्रीलंकाको राजधानी कोलम्बो रेसकोर्स रंगशालामा पाकिस्तानलाई जित दिलाउन मन्सुर अहमदले ह्याट्रिक गरेका थिए। यसैगरी, मोहम्मद अब्दुल्लाहले दुई गोल थपे। माल्दिभ्सका लागि अली इलान र मोहम्मद सायन सिफाउले गोल फर्काए।

## साफ महिला क्लब च्याम्पियनसिप नेपालमा

**काठमाडौं**/ दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले साफ महिला क्लब च्याम्पियनसिप पहिलोपटक आयोजना गर्ने भएको छ। साफले पहिलो संस्करणको आयोजक राष्ट्रका रूपमा नेपाललाई चयन गरेको छ। साफले शुक्रबार आगामी डिसेम्बरमा नयाँ मिति तय गरेको हो। गत जेठमा साफ कंग्रेसबाट नोभेम्बरमा प्रतियोगिता गर्ने तय भएको थियो। तर, तयारी अभावपछि प्रतियोगिता एक महिनापछि धकेलियो। अब प्रतियोगिता डिसेम्बर ५ देखि २० सम्म नेपालमा हुनेछ। यद्यपि, रंगशाला भने तोकिएको छैन। हाल साफका प्रतियोगिता गर्न दशरथ रंगशाला मात्रै तयार देखिन्छ।

**५ देखि २० डिसेम्बरसम्म हुने क्लब च्याम्पियनसिपमा आयोजक नेपालसँगै भारत, बंगलादेश, श्रीलंका र भुटानले प्रतिस्पर्धा गर्नेछन्**

### पाँच राष्ट्र सहभागी हुने

साफले प्रतियोगितामा दक्षिण एसियाका पाँच देश मात्रै सहभागी हुने जनाएको छ। माल्दिभ्स र श्रीलंकाले भाग लिएका छैनन्। नेपालबाट एपिएफ, बंगलादेशको नम्ब्रिन स्पोर्टस् एकेडेमी, भुटानको ट्रान्सपोर्ट युनाइटेड लेडिज एफसी, भारतको इस्ट बंगाल एफसी र पाकिस्तानको कराची फुटबल क्लब रहेका छन्। नेपालको एपिएफ, भुटानको ट्रान्सपोर्ट युनाइटेड र भारतको इस्ट बंगालले गत संस्करणको एएफसी क्लब च्याम्पियनसिप खेलेका थिए।

नेपालको एपिएफ समूह चरणबाट माथि बढ्न सकेन। यो प्रतियोगितामा सहभागी सबै टिम घरेलु लिग च्याम्पियनका रूपमा छनोट भएका हुन्। नेपालको एपिएफ क्लबले फाइनलमा नेपाल पुलिस क्लबलाई हराउँदै च्याम्पियन भएको थियो।

## भिसा उपलब्ध गराउन क्यानले माग्यो आइसिसीको सहयोग



त्रिवि क्रिकेट मैदानमा बिहीबार युएईको भिसा आएको बताएका क्यान पदाधिकारीले राखेपका सदस्य सचिव टंकलाल घिसिङबाट नेपाली टोलीको बिदाइ गराएका थिए, तर क्रिकेट खेलाडीको शुक्रबारसम्म भिसा आएन

**नयाँ पत्रिका**

नेपाल क्रिकेट संघ (क्यान)ले युएईको भिसा उपलब्ध गराउन अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)सँग आग्रह गरेको छ। जेन-जीले गरेको प्रदर्शनका कारण नेपालको पछिल्लो घटनाक्रमपछि युएईले नेपालीलाई भिजिट भिसा दिन रोक लगाएपछि अहिले त्यसको असर क्रिकेट टोलीलाई पनि परेको हो।

नेपाली राष्ट्रिय क्रिकेट टोलीले अर्को साता युएईको सारजहाँमा वेस्ट इन्डिजविरुद्ध तीन वटा टी-२० आई खेल्दै छ। 'अनलाइनबाट भिसा आवेदन दिन समस्या भएको सबैलाई थाहा छ। हामीले सबै भिसा प्रक्रिया पूरा गरिसक्यौं। युएईको सरकार, त्यहाँको क्रिकेट बोर्ड र आइसिसीसँग समन्वय भइरहेको छ,' क्यानका प्रवक्ता छुम्बी लामाले भने, 'शुक्रबार बिहान जान सम्भव भएन। भिसा आउनेबित्तिकै क्रिकेट टोली युएई उड्नेछ।'

यसअघि क्यानले बिहीबार खेलाडी तथा अफिसियलको भिसा आएको देखाउँदै टोलीलाई बिदाइसमेत गरेको थियो। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ र क्यानका सचिव पारस खड्काले संयुक्त रूपमा बिदाइ गरेको नेपाली टोली शुक्रबार युएई जाने तयारीमा थियो।

प्रवक्ता लामाले सिरिज खेल्न समय बाँकी रहेकाले नेपालले युएईको भिसा पाउने आशा गरेका छन्। 'हामीलाई भिसा आउने विश्वास छ,' लामाले भने, 'हामीसँग अझै ५-६ दिन बाँकी छ। यसमा आशावादी हौं।'

## मेसीलाई थप एक वर्ष राख्ने इन्टर मियामीको योजना

साउदी प्रो लिगबाट राम्रो प्रस्ताव आइरहँदा डेभिड बेकह्यामको लगानी रहेको इन्टर मियामी लियोनल मेसीलाई क्लबमै राख्ने तयारीका साथ अगाडि बढिरहेको छ

**एजेन्सी**

इन्टर मियामीले अर्जेन्टिनी फुटबलर लियोनल मेसीलाई थप एक वर्ष मेजर लिग सकर (एमएलएस)मै राख्ने योजना बनाएको छ। इंग्लिस फुटबलर डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीले सन् २०२६ सम्म मेसीसँग सम्झौता गर्ने तयारीका साथ अगाडि बढेको एजेन्सीले जनाएको छ। सन् २०२३ मा पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट अप्रत्याशित रूपमा मेसी इन्टर मियामी पुगेका थिए। अर्को वर्ष अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्।

मियामीले विश्वकपको ब्रान्डिङ गर्ने उद्देश्यले पनि मेसीसँगको सम्झौता थप्न लागेको एजेन्सीले उल्लेख गरेको छ। मियामीसँगको सम्झौता सकिन लाग्दा मेसीलाई साउदी अरेबियन क्लबहरूले राम्रो प्रस्ताव पठाइरहेको गल्फ एजेन्सीले जनाएका छन्। यद्यपि, मेसी भने अमेरिकामै रमाइरहेका छन्। फिफा विश्वकपको साबिक विजेता अर्जेन्टिनाका कप्तान मेसीले पनि अमेरिकामा थप समय बिताउने चाहना राखेका छन्। यसै कारण उनका परिवार अहिले अमेरिकामै छन्।

कीर्तिमानी रूपमा आठपटकका बालोन 'डी' अर विजेता मेसीसँगको नयाँ सम्झौता गर्दै इन्टर मियामी अगाडि आउनेछ। यसपटक मेसीको पारिश्रमिक बढ्न सक्छ। यद्यपि, इन्टर मियामीमा आबद्ध विदेशी खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक पाउने खेलाडी उनी नै हुन्। यसैबिच साउदी प्रो लिगमा आबद्ध अल अहिलले मेसीलाई विश्व कीर्तिमानी रकममा भित्र्याउन उनका एजेन्टसमक्ष प्रस्ताव प्रस्तुत गरेको छ। मेसीलाई कति रकमको प्रस्ताव पठाएको भन्ने केही उल्लेख छैन। तर, उनी साउदी अरेबिया पुगे हालसम्मकै कीर्तिमानी सम्झौता हुनेछ। सन् २०२३ सम्म पिएसजीबाट बाहिर्गमन हुने क्रममा पनि साउदी अरेबियाका क्लबहरूले उनलाई भित्र्याउन कसरत गरेका थिए।

तर, मेसीले युरोपियन फुटबल छाडेर अमेरिकन जीवनशैली पछ्याउन बेकह्यामको प्रस्ताव नकार्न सकेनन्। बेकह्यामकै एक वचनमा उनी अमेरिका पुगेका थिए। इन्टर मियामीको पहिलो सिजनमै मेसीले उत्कृष्ट प्रदर्शन गरे। इन्टर मियामीमा उनको हालसम्मको प्रदर्शन बिग्रेको छैन। उनले इन्टर मियामीमा पहिलो उपाधिका रूपमा सन् २०२३ मा लिग्स कप जितेका थिए। इन्टर मियामीबाट ४६ खेल खेल्दा मेसीले ४१ गोल र २२ असिस्ट गरेका छन्।



### मेसीको वार्षिक पारिश्रमिक १५० मिलियन डलर

मेसीले इन्टर मियामीबाट वार्षिक एक सय ५० मिलियन अमेरिकी डलर पारिश्रमिक थाप्छन्। मेसीले थप एक वर्ष सम्झौता नवीकरण गर्दा उनको यो वार्षिक पारिश्रमिक बढ्ने एपीले जनाएको छ। 'अहिले मेसीले प्रतिवर्ष मियामीबाट एक सय ५० मिलियन अमेरिकी डलर लिने गरेका छन्। दुई पक्षबिच सम्झौता हुँदा वार्षिक पारिश्रमिक पनि बढ्ने सम्भावना छ,' एपीले भनेको छ, 'इन्टर मियामी रहने वा नरहने निर्णय मेसीकै हातमा छ।' मेसीको आगमनपछि अमेरिकामा फुटबल क्रेज बढेको छ। पहिलो सिजनमा उनको खेल हेर्न प्रत्येक रंगशाला फुलहाउस हुन्थ्यो। दुई वर्षको अवधिमा उनले इन्टर मियामीलाई दुई प्रमुख उपाधि दिलाएका छन्। मियामीले मेसीको ब्रान्डिङ गरी प्रत्येक खेलबाट राम्रो आम्दानी गरिरहेको छ।

### गत वर्ष इन्जुरीको समस्या

गत वर्ष मेसीले इन्टर मियामीबाट खासै प्रतिस्पर्धा गर्न पाएनन्। विशेषतः चोटका कारण उनी बढीजसो समय मैदानबाहिर नै बसे। साथसाथै राष्ट्रिय फुटबल टोलीको ड्युटी निर्वाह गर्दा पनि इन्टर मियामीमा उनले धेरै खेल गुमाए। मेसीको आगमनसँगै मियामीमा बार्सिलोनाका पूर्वखेलाडी जोडी अल्बा, सर्जियो बुस्केट तथा लुइस सुआरेज भित्रिएका थिए। कुनै समय यी सबै खेलाडीले बार्सिलोनाबाट एकसाथ खेल्ने गरेका थिए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com